ग्राहक प्रति

वर्ष २० | अंक ८८ | काठमाडौं | आइतवार, ७ पुस २०८१ | Sunday, 22 December 2024 | पृष्ठ ८ | मूल्य रू. १०

ISSN No. 2822-1702

@abhiyannationaldaily
@aarthik_abhiyan

www.abhiyandaily.com

# आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक



सिटिजन्स बैंकका ग्राहकलाई एसएम डेन्टलमा छुट २

ओफ्रेलमा परेको ग्रेट हिमालयन ट्रेल ४

पुस अन्तिम सातादेखि पेट्रोल र मट्टितेल पनि पाइपलाइनबाटै आयात ५

पाँच महीनामा १३ अर्ब ४ करोडको बिजुली निर्यात ८

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन,

९८४७३४५६६०
९८५१०१९०३८
९८४१९५९२९८

भाइबरमा SMS मात्र गर्नुहोस्
हामी यताबाट कल गर्छौं ।

### एनपीएलबाट अर्थतन्त्र चलायमान

# जनकपुर बोल्ट्सलाई सर्वाधिक राशिको पुरस्कार

**विजय दमासे**

काठमाडौं

सुस्ताएको अर्थतन्त्रलाई चलायमान बनाउन महत्त्वपूर्ण भूमिका खेलेको पहिलो संस्करणको नेपाल प्रिमियर लिग (एनपीएल)को उपाधि जनकपुर बोल्ट्सले हात पारेको छ ।

गत मङ्सिर १६ मा शुरू भएको एनपीएलमा शनिवार कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानमा टस जितेर ब्याटिङ रोजेको सुदूरपश्चिमले निर्धारित २० ओभरमा ९ विकेटको क्षतिमा जनकपुर बोल्ट्ससामु १८५ रनको लक्ष्य खडा गरेको थियो ।

जनकपुर बोल्ट्सले १९ ओभर २ बलमा लक्ष्य प्राप्त गरी सुदूरपश्चिम रोयल्सलाई ५ विकेटले हराउँदै उपाधि जितेको हो । यो जितसँगै जनकपुर बोल्ट्सले एनपीएल ट्रफी र १ करोड १० लाख रुपैयाँ नगद पुरस्कार प्राप्त गरेको छ । यो नेपालका सबैभन्दा बढी मूल्यको पुरस्कार राशि भएको खेलकुद प्रतियोगिता हो ।

जनकपुरलाई २ करोड ५ लाखमा ड्रिम स्पोर्टस् प्रालिले खरीद गरेको थियो । मधेशको प्रतिनिधित्व जनकपुरले गरेको थियो । न्यूजिल्यान्डका खेलाडी जिम्मी निसमलाई टिममा भित्र्याउन सफल यो टोलीले लाहिरु मिलान्थालाई पनि टिममा अनुबन्धन गरेको थियो । जनकपुर बोल्ट्स खरीद गर्ने ड्रिम स्पोर्टस् म्यानपावर व्यवसायी अमित श्रेष्ठको कम्पनी हो । श्रेष्ठको शिखर ग्रूप अफ कम्पनिज्अन्तर्गत म्यानपावर, होटेललगायत क्षेत्रमा लगानी छ ।

जनकपुर बोल्ट्सलाई उपधिसम्म पुऱ्याउने मुख्य प्रशिक्षक पुबुदु दासानायके थिए भने मार्की खेलाडी आसिफ सेख थिए । जनकपुर बोल्ट्सका अपरेशन हेड निरोज खतिवडा पनि उत्तिकै लागेका थिए । जनकपुर बोल्ट्सलाई डीएनए इन्टरनेशनल नेपाल मुख्य प्रायोजक बनेर साथ दिएको थियो भने सहायक स्पोन्सर टेक्नो मोबाइल र रमपम बनेका थिए । स्पोन्सरमा नेपोभिट, हेटौंडा कलेज अफ म्यानेजमेन्ट, नेपाल ल्युब आयल लिमिटेड, हिमगिरी हाइजिन, हायात प्लेस र बेटर एप्लाइन्स रहेका थिए ।

आठओटा टिम प्रतिस्पर्धामा रहेको एनपीएलमा प्रत्यक टीमले ब्यापक खर्च गरेका थिए । लगानीकर्ताले फ्रेन्चाइज टिम किन्न ३ करोड ५७ लाखसम्म खर्चेका थिए । कर्णाली याक्सको खरीदमा १ करोड ११ लाख खर्च भएको थियो भने पोखरा एभेन्जर किन्न सबैभन्दा बढी ३ करोड ५७ लाख लगानी भएको थियो । त्यसैगरी, स्वदेशी तथा विदेशी खेलाडीमा भएको खर्च, प्रशिक्षकको समूह, खेल सामग्री र होटल बसाइमा थप रकम खर्च भएको टिमका लगानीकर्ताहरू बताउँछन् ।





- सुदूरपश्चिम रोयल्सका कप्तान दीपेन्द्रसिंह ऐरीले पाए कार
- जनकपुर बोल्ट्सका ललितले पाए बाइक
- सुदूरपश्चिमका सेफ अली जैबलाई प्लेयर अफ दि टुर्नामेन्ट अवार्ड
- कर्णाली याक्सका विपिनप्रसाद शर्माले पाए उदीयमान खेलाडी अवार्ड
- सर्वोत्कृष्ट बलर ललित राजवंशीलाई मोटरसाइकल उपहार

विभिन्न प्रायोजकले यी टीमलाई सहयोग गरे । भएको आम्दानी लगानीभन्दा न्यून भएको विभिन्न टिमका लगानीकर्ता बताउँछन् । क्रिकेट एसोशिएशन नेपालले पनि स्टार स्पोर्टस्लाई टेलिभिजनमा प्रसारण अधिकार दिएबापत र अन्य समग्र व्यवस्थापनमा खर्च गरेको छ भने प्रतियोगिताको प्रायोजनबाट पनि क्यानले आम्दानी गरेको छ । यसबाट यो प्रतियोगिताको भ्यालु करीब १ अर्ब रुपैयाँ बराबरको पुगेको सरोकारवालाको भनाइ छ ।

प्रतियोगिताले पाएको व्यापक सफलताले गर्दा प्रतियोगिता र टीमको ब्रान्ड भ्यालु नै बढेको लगानीकर्ताको भनाइ छ । यसले आगामी वर्षहरूमा आफ्नो लगानी उठ्ने उनीहरूको विश्वास छ ।

'प्रायोजकबाट पाएको रकमले खर्चको आधा पनि नधान्ला,' लुम्बिनी लायन्सका अध्यक्ष ईश्वर जिसीले आर्थिक अभियानसँग भने, 'तर प्रायोजकहरूले यो प्रतियोगिताबाट जुन माइलेज पाउनुभएको छ त्यसले उहाँहरूले थप लगानी गर्ने र अन्य कम्पनीहरू पनि प्रायोजनको लागि आकर्षित हुने वातावरण बनेको छ ।'

#### दीपेन्द्रसिंह ऐरीलाई कार, के पाए अरूले ?

सुदूरपश्चिम रोयल्सका कप्तान दीपेन्द्रसिंह ऐरीले एनपीएलको सर्वोत्कृष्ट खेलाडी हुँदै कार उपहार पाएका छन् । आफ्नो नेतृत्वमा सुदूरपश्चिमलाई फाइनलसम्म पुऱ्याएका दीपेन्द्रले टीम उपविजेता बने पनि व्यक्तिगत उपलब्धि भने हात पारे । उनले एनपीएलको नेपाली खेलाडीतर्फ प्लेअर अफ दि सिरिज बन्दै ओमोडा ई५ कार पुरस्कार प्राप्त गरेका हुन् । नेपाल क्रिकेट संघ (क्यान)ले आयोजना गरेको उक्त प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीलाई ओमोडा एन्ड जेइकाले कार उपहार दिने निर्णय गरेको थियो । नेपाल क्रिकेट संघ, ब्रान्ड डिजिटल लजिक प्रालि र शारदा ग्रुपले मिलेर दिएको कारको मूल्य ६१ लाख ९९ हजार रुपैयाँ रहेको छ ।

त्यस्तै प्लेयर अफ दि टुर्नामेन्ट सुदूरपश्चिमका सेफ अली जैबले पाए । उनले ५ लाख रुपैयाँ प्राप्त गरेका छन् । प्रतियोगिताको सर्वोत्कृष्ट बलर ललित राजवंशी बने । उनले मोटरसाइकल पुरस्कार प्राप्त गरेका छन् । उदीयमान खेलाडीको उपाधि कर्णाली याक्सका विपिनप्रसाद शर्माले पाए । उनले ५० हजार रुपैयाँ नगद र १० लाख रुपैयाँ बराबरको छात्रवृत्ति पाएका छन् । त्यस्तै इनर्जेटिक प्लेयर अफ दि टुर्नामेन्ट जनकपुरका जिमी निसमले पाए । उनले २ लाख रुपैयाँ प्राप्त गरेका छन् । म्याक्सिमम चौका अवार्ड लाहिरू मिलान्थाले पाएका छन् । फेयर प्ले अवार्ड लुम्बिनी लायन्स टिमले प्राप्त गरेको छ । प्रधानमन्त्री नगएपछि पूर्वप्रधानमन्त्रीद्वय शेरबहादुर देउवा र पुष्पकमल दाहालले विजेतालाई अवार्ड वितरण गरेका थिए ।

#### प्रधानमन्त्रीले दिए बधाई

एनपीएलको पहिलो संस्करणको उपाधि जितेकोमा प्रधानमन्त्री केपी शर्मा ओलीले जनकपुर बोल्ट्सलाई बधाई दिनुभएको छ । शनिवार कीर्तिपुर क्रिकेट मैदानमा भएको फाइनल खेलमा जनकपुर बोल्ट्सले सुदूरपश्चिम रोयल्सलाई ५ विकेटले पराजित गर्दै पहिलो च्याम्पियन बनेको थियो ।

प्रधानमन्त्री ओलीले यो ऐतिहासिक जितप्रति खुशी व्यक्त गर्दै भन्नुभयो, 'बधाई जनकपुर बोल्ट्स, एनपीएलको पहिलो उपाधि जित्न सफल भएकोमा । आजको खेलमा सुदूरपश्चिम रोयल्सको प्रदर्शन पनि उत्कृष्ट रह्यो । यससँगै नेपाली क्रिकेटको महापर्व सम्पन्न भएको छ । एनपीएलमा सहभागी सबै टीम, आयोजक तथा व्यवस्थापकलाई पनि धन्यवाद ।'

प्रधानमन्त्री ओलीले यस्ता प्रतियोगिताले नेपाली क्रिकेटलाई नयाँ उचाइमा पुऱ्याउने विश्वास व्यक्त गर्दै भविष्यमा खेलकुदको विकासका लागि सरकारले निरन्तर सहयोग गर्ने प्रतिबद्धता पनि जनाउनुभएको छ ।

# नयाँ स्टक एक्सचेन्जको लाइसेन्स वितरण प्रक्रिया अब अघि बढ्ने

**प्रजिता बुढाथोकी**

काठमाडौं

**पुस ५ गते बसेको मन्त्रिपरिषद् बैठकले नयाँ स्टक एक्सचेन्जको अनुमतिपत्र दिने प्रक्रिया अघि बढाउने निर्णय गरेको हो**

२०८० वैशाखमा रोकिएको नयाँ स्टक एक्सचेन्जको लाइसेन्स वितरण प्रक्रिया अघि बढ्ने भएको छ । पुस ५ गते बसेको मन्त्रिपरिषद् बैठकले नयाँ स्टक एक्सचेन्जको अनुमतिपत्र दिने प्रक्रिया अघि बढाउने निर्णय गरेको हो ।

यसअघि २०८० वैशाख २६ गते बसेको मन्त्रिपरिषद् बैठकले नयाँ स्टक एक्सचेन्जको लाइसेन्स वितरण प्रक्रिया तत्कालका लागि रोक्ने निर्णय गरेको थियो ।

नयाँ स्टक एक्सचेन्जको लाइसेन्स वितरण प्रक्रियाका सम्बन्धमा प्रश्न उठेकाले थप अध्ययन गरेर मात्र अघि बढ्ने निर्णय मन्त्रिपरिषद् बैठकले गरेको थियो । सरकारले गतवर्ष माघमा पूँजीबजारका लागि थप नयाँ स्टक आवश्यक छ कि छैन भन्ने विषयमा अध्ययन गरी ४५ दिनभित्र प्रतिवेदन तयार गर्ने शर्तमा नेपाल राष्ट्र बैंकका पूर्वडेपुटी गभर्नर चिन्तामणि शिवाकोटीको संयोजकत्वमा तीन सदस्यीय अध्ययन समिति गठन गरेको थियो ।

उक्त अध्ययन समितिमा चार्टर्ड एकाउन्टेन्ट सुजनकुमार आचार्य र अधिवक्ता सिजन गुरागाईं रहेका थिए । उक्त समितिले पेश गरेको अध्ययन प्रतिवेदनअनुसार नयाँ स्टक एक्सचेन्जको लाइसेन्स वितरण प्रक्रिया अघि बढाउने निर्णयमा सरकार पुगेको एकजना मन्त्रीले आर्थिक अभियानलाई जानकारी दिए ।

ती मन्त्रीका अनुसार अध्ययन समितिले हाल सञ्चालनमा रहेको नेपाल स्टक एक्सचेन्ज (नेप्से) को पुनः संरचना गरी सञ्चालनमा जोड दिँदै नयाँ स्टक एक्सचेन्जको लाइसेन्स दिन मिल्ने उल्लेख गरी सरकारसमक्ष प्रतिवेदन पेश गरेको छ ।

अध्ययन समितिले गत वैशाख १३ गते नै तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाललाई प्रतिवेदन बुझाएको थियो । नेप्सेलाई आधुनिक र प्रविधियुक्त बनाउनुपर्नेमा समेत प्रतिवेदनमा जोड दिइएको छ । २०७५ सालदेखि अनलाइन प्रणालीमा गएको नेप्सेको प्रणालीले सबै नेपालीलाई जोड्न नसकेको गुनासो हाल पनि कायम छ ।

नेप्सेले भने आफ्नो प्रणालीमा कुनै समस्या नभएकाले देशभित्र मात्र नभएर देशबाहिरबाट पनि सहजै कारोबार गर्न सकिने बताउँदै आएको छ ।

नेपालमा हाल एकमात्र स्टक एक्सचेन्जका रूपमा नेपाल स्टक एक्सचेन्ज (नेप्से) रहेको छ । सरकारको पूर्ण स्वामित्वमा सञ्चालित नेप्सेको विकल्प खोज्दै २०७९ साल असोज २ गतेदेखि नयाँ स्टक एक्सचेन्जको लाइसेन्स वितरण प्रक्रिया अघि बढेको हो ।

बोर्डले एक स्टक एक्सचेन्जका लागि ४५ दिनको अवधि तोकेर आवेदन माग गरेको थियो । आवेदन दिने म्याद बाँकी रहँदै सर्वोच्च अदालतले स्थगित गर्न अल्पकालीन अन्तरिम आदेश दिएसँगै २०७९ कात्तिक ४ गते धितोपत्र बोर्डले आवेदन संकलन कार्य रोकेको थियो । त्यसपछि २०७९ चैत २६ गते नयाँ स्टक एक्सचेन्जको लाइसेन्स वितरण प्रक्रियाविरुद्ध परेको रिट सर्वोच्चले खारेज गरिदिएसँगै बोर्डले बाँकी रहेको १० दिनको अवधि राखेर २०७९ साल चैत ३० गते पुनः आवेदन माग गऱ्यो । यसमा तीन कम्पनीको आवेदन परेको थियो ।

नयाँ स्टक एक्सचेन्जको लाइसेन्सका लागि हिमालयन स्टक एक्सचेन्ज, नेशनल स्टक एक्सचेन्ज अफ नेपाल र अन्नपूर्ण स्टक एक्सचेन्ज लिमिटेडले आवेदन दिएका हुन् ।

केही महीनाअघि यिनै आवेदकले धितोपत्र बोर्डको अध्यक्ष आफूअनुकूल नियुक्त गर्न राजनीतिक लबिङ गरेको भनेर विवाद भएको थियो । यसबाट अध्यक्ष नियुक्ति प्रक्रिया नै अवरुद्ध भएको थियो ।

सरकारले २० महीनादेखि रोकिएको नयाँ स्टक एक्सचेन्जको लाइसेन्स वितरणका लागि बाटो खोलेसँगै बोर्डले प्राथमिकतासाथ काम गर्ने प्रतिक्रिया दिएको छ । बोर्डका एक उच्च अधिकारीले मन्त्रिपरिषद् बैठकको निर्णयबमोजिम बोर्डले आवेदन प्राप्त गरिसकेका तीन कम्पनीमध्ये योग्य एक कम्पनीलाई नयाँ स्टक एक्सचेन्जको लाइसेन्स वितरण गर्ने जानकारी दिए ।

नयाँ स्टक एक्सचेन्जका लागि ३ अर्ब चुक्तापूँजी तोकिएको छ । कुल पूँजीमा संस्थापकको ७० प्रतिशत र सर्वसाधारणको ३० प्रतिशत शेयर स्वामित्व हुनुपर्नेछ । नयाँ स्टक एक्सचेन्जले सञ्चालनमा आएको २ वर्षभित्र सर्वसाधारणमा ३० प्रतिशत शेयर जारी गर्नुपर्ने व्यवस्था छ ।

# १० ठूला वाणिज्य बैंकको ऋण परीक्षणका लागि पुनः प्रस्ताव

**अभियान संवाददाता**

काठमाडौं



- यसअघि परामर्शदाता योग्य हुनका लागि ७० नम्बर प्राप्त गर्नुपर्ने व्यवस्था रहेकोमा घटाएर ६० मा झारियो
- परामर्शदाताको योग्यतालाई ५० प्रतिशत, अनुभवलाई ४० प्रतिशत र क्षमतालाई १० प्रतिशत अंकभार
- धेरै कर्जा प्रवाह गर्ने १० ओटा बैंक छनोट गर्दा २८ अर्ब ९६ करोड रूपैयाँको गुणस्तर परीक्षण हुने

अन्तरराष्ट्रिय मुद्राकोष (आईएमएफ) सँगको सम्झौताअनुसार १० ओटा ठूला वाणिज्य बैंकहरूको कर्जा गुणस्तर परीक्षणका लागि नेपाल राष्ट्र बैंकले पुनः प्रस्ताव आह्वान गरेको छ ।

राष्ट्र बैंकले शुक्रवार सार्वजनिक सूचना जारी गरी अन्तरराष्ट्रिय लेखापरीक्षक कम्पनीबाट प्रस्ताव आह्वान गरेको हो । इच्छुक परामर्शदाता फर्महरूले पुस २२ गतेसम्म आवेदन दिन पाउने मिति तोकिएको छ । यसअघि राष्ट्र बैंकले गत चैतमा प्रस्ताव आह्वान गरेको थियो, जसमा सबै कम्पनीको प्रस्ताव अस्वीकृत भएपछि राष्ट्र बैंकले पुनः बोलपत्र खुलाएको हो ।


परामर्श दिने कम्पनीको सेवा, शर्तमा सामान्य परिवर्तन गरी नयाँ बोलपत्र खुला गरिएको राष्ट्र बैंकको सम्पत्ति तथा सेवा व्यवस्थापन विभागका कार्यकारी निर्देशक सुमनकुमार अधिकारीले जानकारी दिए । यसअघि परामर्शदाता योग्य हुनका लागि ७० नम्बर प्राप्त गर्नुपर्ने व्यवस्था रहेकोमा यसलाई घटाएर ६० मा झारिएको छ । छनोटमा परामर्शदाताको योग्यतालाई ५० प्रतिशत, अनुभवलाई ४० प्रतिशत र क्षमतालाई १० प्रतिशत अंकभार दिइएको छ ।

आईएमएफले विस्तारित कर्जा सुविधा (ईसीएफ) किस्ता दिनुअघि १० ठूला वाणिज्य बैंकहरूको सम्पत्तिको गुणस्तर परीक्षणको शर्त राखेको थियो । नेपालका बैंकहरूको खराब कर्जा न्यून हुनुमा कर्जाको गुणस्तरमा शंका गर्दै आईएमएफले अन्तरराष्ट्रिय परामर्शदाताबाट त्यसको परीक्षण गराउन लागेको हो । आईएमएफसँगको सम्झौताअनुसार २०२४ अप्रिल अन्तिमबाट परीक्षण प्रक्रिया शुरू गरी डिसेम्बरसम्ममा सक्ने र भेटिएका कैफियतका आधारमा २०२५ फेब्रुअरीबाट सुधारको कार्ययोजना सञ्चालन गर्ने उल्लेख छ ।

परामर्शदाताको छनोटमा भएको ढिलाइको कारणबारे आईएमएफ पनि जानकार भएकाले तोकिएको समयसीमा थप हुने कार्यकारी निर्देशक अधिकारीले बताए । यअअघि राष्ट्र बैंकले गत चैतमा नेदरल्यान्ड्सको डेलोइट फाइनान्सियल एडभाइजरी, भारतको केपीएमजी अस्योरेन्स एन्ड कन्सल्टिङ सर्भिस र पाकिस्तानस्थित केपीएमजी तासिर हाडी एन्ड कम्पनीलाई प्रारम्भिक छनोट गरेको थियो । यस्तै भारतकै प्राइसवाटर हाउस कुपर्स र नेपालको सीएससी एन्ड कम्पनी (चार्टर्ड एकाउन्टेन्ट्स) को संयुक्त उपक्रम र भारतस्थित एसआर बाटलिबोई एन्ड एशोसिएट एलएलपी र नेपालको बीके अग्रवाल एन्ड कम्पनी (चार्टर्ड एकाउन्टेन्ट्स) को संयुक्त उपक्रम पनि राष्ट्र बैंकको छनोटमा परेका थिए ।


» बाँकी पृष्ठ ५ मा

नेप्से परिसूचक






सुन (तोला)





अमेरिकी डलर





# कैलाश मानसरोवर भारतीयका लागि खुल्ने आशामा नेपाली व्यवसायी

**अभियान संवाददाता**

काठमाडौं

- सन् २०२५ को भ्रमणका लागि बुकिङ शुरू
- नेपाली बढ्दै, भारतीयका लागि अझै बुकिङ खुलेन
- भारत र चीनबीचको पछिल्लो सहमतिले भारतका लागि पनि कैलाश मानसरोवर खुल्ने आशा
- ठूलो संख्यामा भारतीय नेपाल हुँदै कैलाश जाने परम्परा

सन् २०२० मा भारत र चीनका सैनिकबीच विवादित भूभाग गलवानमा भिडन्त भएपछि बिग्रेको सम्बन्ध सुधार्न दुई देशबीच यसै हप्ता बेइजिङमा ६ बुँदे सम्झौता भयो । उक्त सम्झौताका क्रममा ४ वर्षदेखि स्थगित कैलाश मानसरोवर यात्रा सहज बनाउने कुरामा पनि सकारात्मक छलफल भएको भारतीय विदेश मन्त्रालयले जानकारी दिएको छ ।

कैलाशमा भगवान शिव बस्ने धार्मिक मान्यता रहेकाले यसलाई हिन्दुहरूको पवित्रस्थल मानिन्छ । हिन्दु मात्र होइन बौद्धमार्गी, जैन र बोनमार्गीले पनि कैलाशलाई पवित्रस्थल मान्छन् । कैलाश मानसरोवर यात्रा गराइरहेका नेपालका ट्राभल एजेन्सीहरू पनि कहिले भारतीय पर्यटक कैलाश मानसरोवर जान पाउँछन् भन्ने पर्खाइमा छन् । ठूलो संख्यामा भारतीय पर्यटक नेपाल हुँदै चीनको तिब्बतमा रहेको कैलाश यात्रामा जाने हुँदा नेपालको पर्यटन उद्योगलाई यसबाट ठूलो सहयोग हुँदै आएको थियो ।

कैलाश मानसरोवर भारतीयका लागि चीनले खुला नगर्दा होटेलदेखि अन्य व्यवसाय समस्यामा परेको काठमाडौं होलिडे टुर्स एन्ड ट्राभल्सका प्रबन्ध निर्देशक कृष्णप्रसाद ढकालले बताए । भारतीयहरू बढी बस्ने होटेलहरूको अकुपेन्सी तथा व्यवसाय घट्नेलगायत यातायातसम्म असर परेको उनी बताउँछन् । 'कैलाश मानसरोवर जानेमध्ये ४० प्रतिशत भारतीयले नेपालमै समय खर्चिन्छन्,' उनले भने, 'यसले हुम्ला, हिल्सा, रसुवागढीलगायतमा खुलेका होटेल राम्रैसँग चल्ने गर्छन् ।'

» बाँकी पृष्ठ ५ मा

# सिटिजन्स बैंकका ग्राहकलाई एसएम डेन्टलमा छूट



काठमाडौं (अस) । सिटिजन्स बैंक इन्टरनेसनलका ग्राहकले काठमाडौंको लाजिम्पाटस्थित एसएम डेन्टल एण्ड स्किन केयरमा छूट पाउने भएका छन् । बैंकका ग्राहकलाई छूट दिने सम्बन्धमा दुवै संस्थाबीच समभ्रुदारी भएको हो ।

यससँगै बैंकका कार्डवाहक र मोबाइल बैंकिङ प्रयोगकर्ताले एसएम डेन्टलमा २५ प्रतिशतसम्म छूट पाउने बताइएको छ । यस किसिमको सहकार्यबाट बैंकका ग्राहक लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारतर्फ उत्प्रेरित हुने विश्वास बैंकको छ ।

बैंकले डिजिटल बैंकिङको प्रयोगलाई बढाउन र ग्राहकलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्न समय समयमा ग्राहकमैत्री सुविधा सञ्चालनमा ल्याउँदै आएको छ । डिजिटल कारोबार गर्दा पाइने छूटसम्बन्धी विस्तृत विवरण बैंकको वेबसाइटमा प्राप्त गर्न सकिने बताइएको छ ।

हालै मात्र विश्वकै प्रतिष्ठित अवार्ड 'बैंक अफ द इयर २०२४' को उपाधि प्राप्त गरेको बैंकले केही समयअघि मात्र फोनपेसँगको सहकार्यमा नेपालमै पहिलोपटक 'सिटिजन्स फोनपे क्रेडिट कार्ड' सञ्चालनमा ल्याएको छ । बैंकले १९७ शाखा, १६२ एटिएम, ३ विस्तारित काउन्टर र ७४ शाखारहित बैंकिङ इकाइबाट आधुनिक बैंकिङ सेवा प्रदान गर्दै आएको छ ।

**नेपाल रिमेडिज लिमिटेड**
**केन्द्रिय कार्यालयः का.म.न.पा.-१ नक्साल काठमाडौं**
फोन नं.०१-५९०९१७८, ०१-५९०९१७६ Email: info@nepalremedies.com.np

**शेयर बिक्रि अवधि सम्वन्धि सूचना**

**(प्रकाशित मितिः २०८१/०९/०७ गते)**

यस कम्पनीको बिक्रि नभएको हकप्रद शेयर बिक्रि गर्ने सम्वन्धमा मितिः २०८१/०९/०५ गते सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सोही दिनमा नै सम्पूर्ण शेयर खरिद गर्ने निवेदन प्राप्त भएको र निवेदन प्राप्त भएपश्चात सोही दिन बसेको सञ्चालक समितिको बैठकबाट शेयर खरिद सम्वन्धि थप निवेदनहरु नलिने निर्णय भएको ब्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

**सञ्चालक समिति**

"सहकार्यका लागि सहकारी"
**आदर बचत तथा ऋण सहकारी संस्था लि.**
Aadar Saving & Credit Co-operative Ltd.
का. म. पा.- २२, काठमाडौं
फोन नं. : ०१-५३२३७१४

**१४औं वार्षिक साधारण सभा सम्बन्धी सूचना**

**आदणीय शेयर सदस्य महानुभावहरु,**
यस संस्थाको मिति **२०८१/०८/२६** गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार संस्थाको **१४औं** वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा आयोजना हुने भएकोले तपशिलमा उल्लेखित प्रस्तावहरु उपर छलफल गरी निर्णय पारित गर्नका लागि संस्थाका सम्पूर्ण सदस्य महानुभावहरुलाई सहभागीताको लागि हार्दिक अनुरोध गर्दछौं ।

**सभा हुने मिति, स्थान र समय**
**मिति** :- २०८१/०९/२९, सोमबार
**स्थान** :- आदर बचत तथा ऋण सहकारी संस्थाको कार्यालय ।
**समय** :- बिहान ठिक ११:०० बजे

**साधारण सभामा छलफल हुने विषयहरु :**
१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नहुने आ.व.२०८०/८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. गत आ.व. २०८०/८१ को लेखापरिक्षण प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. चालु आ.व. २०८१/८२ को निति तथा कार्यक्रम एवं बजेट उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
४. चालु आ.व. २०८१/८२ को लागि लेखापरिक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
५. कोष बाँडफाँड सम्बन्धमा ।
६. साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्ने सम्बन्धमा ।
७. विविध ।

**द्रष्टव्य** : साथै साधारण सभा सम्बन्धी सूचना कार्यालयको सूचना पाटीमा पनि टास गरिएको व्यहोरा जानकारी गराइन्छ ।

**श्री दिपेन्द्र घिमिरे**
**(सचिव)**

**इन्स्योरेन्स इन्स्टिच्युट अफ नेपाल**
नारायणचौर नक्साल, काठमाण्डौ, प्रमियर भवन पाँचौ तल्ला
फोनः ०१-४५१९७२२, इमेल : info@iin.org.np

**छैठौं बार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८१/०९ /०७**

**छैठों साधारण सभा हुने स्थान मिति र समय :**
**स्थानः** होटल क्राउन ईमपेरियल (Hotel Crowne Imperial) रबि भवन, कालिमाटी, काठमाण्डौ ।
**मितिः** २०८१/९/२८ गते आइतबार
**समयः** दिनेको ४:३० बजे

**छलफलका बिषयहरु**
**क) सामान्य प्रस्ताब :**
१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूबाट पेश हुने आ.व २०८०/८१ को बार्षिक प्रतिबेदन पेश गर्ने ।
२) लेखापरिक्षकको प्रतिबेदन सहितको २०८१ आषाढ मसान्तको वासलात, सोहि मितिमा समाप्त भएको आ.व.०८०/८१ को आय व्यय हिसाब, नाफा/नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण सहित अध्यक्षज्यूको प्रतिबेदन स्वीकृत गर्ने सम्बन्धमा ।
३) लेखा परिक्षण उप-समितिको सिफारिस बमोजिम आ.व २०८१/८२ को लेखा परिक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने । (हाल नियुक्त लेखा परिक्षक Shrestha & Neupane Associates पुनः नियुक्ति हुन सक्ने )
**ख) बिबिध :**

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ उपदफा (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

**(१७ भाद्र २०८१ देखि १६ मंसिर २०८१ सम्म)**

१. **निकायको स्वरुप र प्रकृति :**
प्रचलित कम्पनी सम्बन्धी कानून बमोजिम संस्थापित र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम संचालित 'क' वर्गको वाणिज्य बैंक ।

२. **निकायको काम, कर्तव्य र अधिकार :**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा व्यवस्था भए बमोजिम ।

३. **निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :**
कर्मचारी संख्या २४६८ (स्थायी र करार) रहेको र कार्य विवरण बैंकले तोके अनुसार रहेको ।

४. **निकायबाट प्रदान गरिने सेवा :**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम 'क' वर्गका बैंकले दिन सक्ने सम्पूर्ण बैंकिङ्ग सेवाहरु ।

५. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :**
सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीहरुको विवरण बैंकको वेबसाईट https://www.nabilbank.com/individual/branches मा उपलब्ध छ ।

६. **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :**
बैंकले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा अवधि यस बैंकको वेवसाईट https://siteadmin.nabilbank.com/assets/backend/uploads/Documents/Standard%20Charge%20Sheets/StandardChargeSheet-2024.pdf मा प्रकाशित गरिएको छ ।

७. **निर्णय गर्ने प्रक्रिया र अधिकारी :**
बैंकिङ्ग कारोवारका सम्बन्धमा विभिन्न प्रकारका विभिन्न तहका अधिकारीहरुले निर्णय गर्न सक्ने प्रक्रिया मिलाईएको छ । प्रमुख कार्यकारी अधिकृत तथा बैंकको सञ्चालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेको छ ।

८. **निर्णयउपर उजुरी सुन्ने अधिकारी :**
श्री गणेश प्रसाद अवस्थी
नायव महाप्रबन्धक-सञ्चालन
नबिल बैंक लिमिटेड, घण्टाघर, कमलादी, काठमाण्डौ
फोन नं. ०१-५९७१८७१ ईमेलः coo@nabilbank.com

९. **सम्पादन गरेको कामको विवरण :**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम 'क' वर्गका बैंकहरुले गर्न सक्ने सम्पूर्ण बैंकिङ्ग कारोवारहरु सम्पादन भईरहेको छ ।

१०. **सूचना अधिकारी र प्रमुखको नाम र पद :**
सूचना अधिकारी : श्री सुरेश प्रसाद त्रिपाठी
पद : प्रमुख सञ्चालन अधिकृत
साथै, यस बैंकका शाखा तथा प्रादेशिक कार्यालयहरुमा सम्बन्धित शाखा प्रमुख र प्रादेशिक प्रमुखलाई सूचना अधिकारीको रुपमा कार्य गर्ने गरी तोकिएको छ ।
प्रमुखको नाम : श्री ज्ञानेन्द्र प्रसाद ढुंगाना
पदः प्रमुख कार्यकारी अधिकृत

११. **ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :**
प्रचलित सम्पूर्ण ऐन, नियम विनियम र निर्देशिकाहरु बैंकले पालना गर्नुपर्ने हुन्छ भने देहाय बमोजिमका ऐन, नियम, विनियम र निर्देशिकाहरु बैंकिङ्ग कार्यका लागि प्रमुख रुपमा रहेका छन् ।
१. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३
२. नेपाल राष्ट्र बैंक ऐन, २०५८
३. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
४. कम्पनी ऐन, २०६३
५. बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४
६. सम्पत्ति शुद्धिकरण(मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४, (संशोधन, २०८०)
७. धितोपत्र सम्बन्धी ऐन, २०६३
८. सुरक्षित कारोवार ऐन, २०६३
९. विनियम अधिकारपत्र ऐन, २०३४
१०. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९
११. मुलुकी देवानी संहिता, २०७४ र मुलुकी देवानी कार्यविधी संहिता, २०७४
१२. आयकर ऐन, २०५८
१३. उपरोक्त ऐनहरु बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरु
१४. नेपाल राष्ट्र बैंकको सम्पूर्ण निर्देशिकाहरु तथा परिपत्रहरु आदी ।
बैंकिङ्ग कारोवारको सम्बन्धमा पालना गर्नुपर्ने अन्य प्रचलित नेपाल कानून ।

१२. **आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण :**
बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणहरु राष्ट्रिय स्तरको पत्र-पत्रिकामा नियमित रुपमा प्रकाशित हुँदैं आएको छ र बैंकको वेबसाईट www.nabilbank.com मा समेत रहेको छ ।

१३. **तोकिए बमोजिमका अन्य विवरण**
नियमानुसार तोकिए बमोजिमको अन्य विवरणसमेत राष्ट्रियस्तरको दैनिक पत्रिकाहरुमा प्रकाशन गर्नुका साथै बैंकको वेबसाईट www.nabilbank.com मा समेत राख्ने गरिएको छ ।

१४. **अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण :**
यस बैंकले बैंकिङ्ग कारोवार सम्बन्धी कार्य गर्दै आएको छ तर विशेष प्रकारको कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको छैन ।

१५. **सार्वजनिक निकायको वेबसाईट भए सोको विवरण :**
यस बैंकको वेबसाईट www.nabilbank.com रहेको छ ।

१६. **सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण :**
बैंकको सामान्य क्रियाकलापको क्रममा लिएको ऋण बाहेक अन्य केही नरहेको ।

१७. **सार्वजनिक निकायले सञ्चालन गरेको कार्यकम र सोको प्रगति प्रतिवेदन ।**
यस बैंकले बैंकिङ्ग कारोबार सम्बन्धी कार्य गर्दै आएको र बैंकको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत NABIL SEE कार्यक्रम स्थापना एवं सञ्चालन गरी सामाजिक उद्यमशीलता विकास गर्दै आईरहेको छ ।

१८. **सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि :**
सूचना वर्गिकरण गरिएको अवस्था नभएको ।
सूचनाको अनाधिकृत प्रकाशन र प्रसारण नहुने गरी संरक्षण गरिएको ।

१९. **सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण :**
यस अवधिमा सूचनाको लागि कुनै पनि निवेदन प्राप्त नभएकाले सूचना उपलब्ध गराउन नपरेको ।

२०. **सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण :**
वार्षिक विवरणहरु पुस्तकको रुपमा प्रकाशित भई बैंकको वेबसाईट www.nabilbank.com मा समेत प्रकाशन गरिएको छ । साथै बैंकले आर्थिक विवरणहरु त्रैमासिक रुपमा विभिन्न राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन गरी बैंकको वेबसाईटमा समेत प्रकाशन गर्दै आएको छ ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

## लक्ष्मी ग्रुपको ५१औं वार्षिकोत्सवमा विविध कार्यक्रम



काठमाडौं (अस) । लक्ष्मी ग्रुपले आफ्नो ५१औं वार्षिकोत्सव मनाएको छ । कम्पनीले मातहतका विभिन्न संस्थामार्फत संस्थागत सामाजिक उत्तरदायित्व (सीएसआर)का कार्यक्रम गर्दै शुक्रवार वार्षिकोत्सव मनाएको हो । ग्रुपअन्तर्गतका कम्पनी तथा हुन्डाई गाडीको आधिकारिक वितरक लक्ष्मी इन्टरकन्टिनेन्टलले ललितपुरको सेरेब्रल पल्सी सेन्टरमा ६० जना बढी बालबालिकालाई स्टेशनरी र अन्य सामग्री प्रदान गरेको बताइएको छ । सो अवसरमा ग्रुपले रक्तदान कार्यक्रम समेत गरेको छ, जसमा १०० भन्दा बढी कर्मचारी सहभागी भएका थिए । ग्रुपअन्तर्गतको हुन्डाई काठमाडौंले नक्सालस्थित भाटभटेनी मन्दिर र वरपर सफाइ अभियान सञ्चालन गरेको छ । सन् १९७३ मा लक्ष्मी मिठाई भण्डारको रूपमा व्यवसाय शुरू गरेको लक्ष्मी ग्रुप कन्फेक्सनरी, निर्माण सामग्री, गाडी तथा कम्पोनेन्टको विक्रीवितरण, होम एप्लाएन्सेसलगायत अन्य उत्पादन र सेवा उपलब्ध गराउन सक्रिय छ ।

## नेपाल एसबिआई बैंकद्वारा विद्यालयलाई सहयोग



काठमाडौं (अस) । नेपाल एसबिआई बैंक लिमिटेडले चितवनको गायत्री वेद वेदांग संस्कृत विद्यालय गुरुकुलम्, रत्ननगरलाई संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत आर्थिक सहयोग गरेको छ । कार्यक्रममा बैंकका बागमती प्रदेश प्रमुख प्रविणमुनि बज्राचार्यले गुरुकुलम्का प्राचार्य सुभास चालिसेलाई सहयोग रकम हस्तान्तरण गरेका थिए । उक्त कार्यक्रममा बैंक तथा गुरुकुलम्का अन्य वरिष्ठ पदाधिकारी समेतको उपस्थिति थियो । बैंकले समुदायस्तरमा संस्कृति तथा सम्पदा संरक्षणको लागि समय समयमा यस्ता गतिविधि गर्दै आएको छ ।

## आइएमई पेबाट ट्राभल बुकिङमा शतप्रतिशत क्यासब्याक

काठमाडौं (अस) । नेपालको पहिलो डिजिटल वालेट 'आइएमई पे'ले क्रिसमस र नयाँ वर्ष २०२५ को अवसर पारेर ट्राभल बुकिङमा शतप्रतिशत क्यासब्याक अफर सार्वजनिक गरेको छ । पुस ५ गतेदेखि शुरू भएको यो योजना १७ गतेसम्म चल्ने बताइएको छ । अफरअन्तर्गत सेवाग्राहीले आइएमई पेमार्फत आन्तरिक हवाई टिकट, बस टिकट र केबलकार टिकट खरीदमा दैनिक १०० प्रतिशत क्यासब्याक जित्ने मौका पाउनेछन् ।

अफर अवधिमा हरेक दिन आइएमई पेबाट आन्तरिक हवाई टिकट काट्ने एकजना सेवाग्राही, बस टिकट काट्ने तीनजना सेवाग्राही र केबलकार टिकट काट्ने १० जना सेवाग्राहीले खरीद गरिएको टिकट मूल्यको १०० प्रतिशत क्यासब्याक जित्ने मौका रहेको कम्पनीले जानकारी दिएको छ । विजेता दैनिक लक्की ड्रमार्फत छानिनेछन् । 'यस्ता ग्राहकमैत्री अफर प्रदान गरेर हामी हाम्रा सेवाग्राहीका लागि कुनै पनि चाडपर्व र सिजनलाई अझ विशेष बनाउने गर्दछौं । हामी सबैलाई यस अवसरको फाइदा लिन र डिजिटल भुक्तानीको सुविधा अनुभव गर्न प्रोत्साहित गर्दछौं,' आइएमई पेका एक अधिकारीले भने ।

## सूर्यज्योति लाइफ इन्स्योरेन्सको २० प्रतिशत लाभांश पारित




काठमाडौं (अस) । सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनीको १७औं वार्षिक साधारणसभा सम्पन्न भएको छ । सभाले कम्पनीको आर्थिक वर्ष (आव) २०८०/८१ को वार्षिक तथा आर्थिक प्रतिवेदन छलफलपश्चात् सर्वसम्मतिले पारित गरेको छ । सभाले आव २०८०/८१ का लागि प्रस्तावित २० प्रतिशत नगद लाभांश (कर प्रयोजनसहित) पारित गरेको छ । सभाले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत आव २०८०/८१ मा भएको खर्च अनुमोदनका साथै आव २०८१/८२ का लागि लेखापरीक्षक नियुक्त गरेको छ । सभाले सञ्चालक समितिमा संस्थापक शेयरधनी समूहबाट रिक्त रहेको पदमा नियुक्तिको अनुमोदन गर्दै कम्पनीको व्यवस्थापनलाई थप सुदृढ बनाउने विभिन्न निर्णय समेत गरेको बताइएको छ । सभामा कम्पनीका अध्यक्ष केशवप्रसाद भट्टराईले कम्पनीको आर्थिक प्रगति, दीर्घकालीन योजना र नवीन सेवा विस्तारमा ध्यान केन्द्रित गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

**नेपाल एसबिआई बैंक लिमिटेड**
**NEPAL SBI BANK LTD.**
THE MOST PREFERRED BANK FOR A TRANSFORMING NEPAL

**नेपाल एसबिआई बैंक लिमिटेड**
**प्रधान कार्यालय, कमलादी, काठमाण्डौं, नेपाल**
**पो.ब.नं. ६०४९, फोन नं. ०१-४४३५६१३**
**SWIFT : NSBINPKA**

**धितो सूरक्षणमा रहेको चल/अचल सम्पत्तिहरूको गोप्य शिलबन्दीद्वारा लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना**

प्रकाशित मिति २०८१/०९/०७ गते

यस बैंकको **धनगढी शाखा कार्यालय**बाट तपसिलका ऋण/कर्जा लिनु हुने तपसिलको ऋणीले लिएको ऋण/कर्जाको साँवा, व्याज र अन्य दैदस्तूर बैंकसँगको शर्त कवुलियत बमोजिम समय समयमा बैंकलाई तिर्न बुझाउन लिखित एवं मौखिक तरताकेता गर्नुको साथै राष्ट्रिय दैनिक पत्रपत्रिका मार्फत ऋण/कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सो को बेवास्ता गरी बैंकलाई तिर्न बुझाउन पर्ने रकम बुझाउन नआएकोले कर्जा लिंदाको बखत सुरक्षणमा लेखि दिएको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा रहेको छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

बैंकको कर्जा सुरक्षण स्वरुप रहेको तपसिलमा उल्लेखित सम्पत्ति (चल/अचल) लिन इच्छुक महानुभावहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस बैंकको प्रधान कार्यालय कमलादी, काठमाडौं वा शाखा कार्यालयहरुमा आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । तोकिएको समयभित्र बैंक समक्ष प्राप्त बोलपत्रहरु मिति २०८१/०९/२४ गते, दिनको ३:०० बजे बैंकको प्रधान कार्यालय कमलादी, काठमाडौंमा खोलिनेछ कथम कदापि उक्त दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट बोलपत्रहरु खोलिनेछ । उक्त दिन र समयमा उपस्थित हुनुहुन बोलपत्रवालाहरु साथै कर्जा सुरक्षण वापत बैंकको नाममा घर/जग्गा धितोबन्धक पारित गरिदिनुहुने धितो धनी तथा ऋण कर्जाको जमानी दिनु हुने तपसिलका उल्लेखित व्यक्तिहरु लगायत ऋणसँग सम्बन्धित सम्पूर्ण पक्षहरुलाई समेत यसै सूचनाद्वारा धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि सूचना प्रकाशित गरिएको जानकारी गराउँदछौं । बोलपत्र फारम बैंकको प्रधान कार्यालय कमलादी, काठमाडौं तथा शाखा कार्यालयहरुबाट रु. १०००.००/- (फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिने छ । बोलपत्रको सम्पूर्ण शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । लिलाम बिक्री हुन लागेको सम्पत्तिको विस्तृत विवरण बुझ्न चाहेमा यस बैंकको प्रधान कार्यालय कमलादी, काठमाडौं वा शाखा कार्यालयहरुमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नुहुनेछ ।

**तपसिल**

**कर्जा शिर्षक : आवधिक कर्जा र ब्रिज ग्याप कर्जा**

**ऋणी**

**नाम : होटल मार्वल प्रा.लि.**
दर्ता नं. १७५०८७/०७४/०७५, दर्ता मिति : २०७४/०५/२७
रजिष्टर्ड ठेगाना : कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. १३

**जमानतकर्ताहरु**

| | |
|---|---|
| **१. नाम : लिलाधर जोशी**<br>ना.प्र.नं. ०६८३०२८/४७५, जि.प्र.का. डोटी<br>जारी मिति : २०६३/१०/२३ मा जारी भई मिति २०७३/०४/०२ मा प्रथम प्रतिलिपि जारी<br>बाबुको नाम : काशीनाथ जोशी, बाजेको नाम : राम चन्द्र जोशी<br>स्थायी ठेगाना : डोटी जिल्ला, निरौली गा.वि.स./उ.म.न.पा. वडा नं. ७<br>हालको ठेगाना : कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. ५ | **२. नाम : सिनेट श्रेष्ठ**<br>ना.प्र.नं. ७२/०३४/३५, जि.का. ललितपुर<br>जारी मिति : २०३४/०४/०७<br>बाबुको नाम : दिल बहादुर श्रेष्ठ, बाजेको नाम : धन बहादुर श्रेष्ठ<br>स्थायी ठेगाना : ललितपुर जिल्ला, ललितपुर नगरपञ्चायत, जावलाखेल<br>हालको ठेगाना : काठमाडौं जिल्ला, नागार्जुन न.पा. वडा नं. ४ |
| **३. नाम : जानीका जोशी**<br>ना.प्र.नं. ६८३०२८/६५, जि.प्र.का. डोटी<br>जारी मिति : २०७०/०२/१८<br>बाबुको नाम : जय प्र. जोशी<br>पतिको नाम : लिलाधर जोशी, ससुराको नाम : काशीनाथ जोशी<br>स्थायी ठेगाना : डोटी जिल्ला, निरौली गा.वि.स./उ.म.न.पा. वडा नं. ७<br>हालको ठेगाना : कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. ५ | **४. नाम : ज्योती श्रेष्ठ**<br>ना.प्र.नं. १४६०, जि.का. ललितपुर<br>जारी मिति : २०४१/०४/२६<br>बाबुको नाम : बसन्त कुमार सिं<br>पतिको नाम : सिनेट श्रेष्ठ, ससुराको नाम : दिल बहादुर श्रेष्ठ<br>स्थायी ठेगाना : ललितपुर जिल्ला, ललितपुर नगरपञ्चायत वडा नं. ५<br>हालको ठेगाना : काठमाडौं जिल्ला, नागार्जुन न.पा. वडा नं. ४ |

**धितोको विवरण**

जग्गाको विवरण (स्रेस्ता बमोजिम) प्रदेश : सुदुरपश्चिम, जिल्ला : कैलाली

| उ.म.न.पा./न.पा./गा.वि.स. | | वडा नं. | | धितो सुरक्षण धनिको नाम | कित्ता नं. | क्षेत्रफल (व.मि.) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| साविक | हाल | साविक | हाल | | | | |
| गेटा | धनगढी | ९ | १३ | होटल मार्वल प्रा.लि. | ८१ | २००.०० | घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत । |
| | | | | | ९८ | ८२०.०० | |
| | | | | | ९९ | ६२०.०० | |
| | | | | | ७८ | १५५.०० | |
| | | | | | ८२ | ९६०.०० | |
| | | | | | ७९ | ११८५.०० | |
| | | | | | ८० | २०.०० | |

जग्गाको विवरण (स्रेस्ता बमोजिम) प्रदेश : लुम्बिनी, जिल्ला : बर्दिया

| उ.म.न.पा./न.पा./गा.वि.स. | | वडा नं. | | धितो सुरक्षण धनिको नाम | कित्ता नं. | क्षेत्रफल (विगाहा) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| साविक | हाल | साविक | हाल | | | | |
| नेउलापुर | ठाकुरबाबा | ८ | २ | जगत कुमारी बस्नेत | ६२४ | ०-१५-१२-० | घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत । |
| | | | | | ६१ | ०-१-०-० | |
| | | | | | ९७५ | ०-१३-१०-० | |
| | | | | | ९४४ | ०-१-०-० | |
| | | | | | ८९३ | ०-७-१५-० | |

होटल मार्वल प्रा.लि. को मालसमानको मौज्दात तथा प्राप्त गर्न बाँकी रकम सहित सम्पूर्ण चल/अचल सम्पत्ति ।

**सम्बन्धित शाखा कार्यालयको सम्पर्क नं.**
**धनगढी, कैलाली ०९१-५२२१६३**

## कलश स्टक मार्केट कारोबार रकममा पहिलो

काठमाडौं (अस) । नेपाल स्टक एक्सचेञ्ज लिमिटेडको तथ्यांकअनुसार पुस ४ गते बिहीवार धितोपत्र कारोबार गर्ने दलालमध्ये कलश स्टक मार्केट प्रालि (ब्रोकर नं ७४) कारोबार रकमको आधारमा पहिलो स्थानमा रहेको छ । बिहीवार कम्पनीले रू. ४५ करोड ९ लाखभन्दा बढी रकमको कारोबार गरेको कम्पनीका अध्यक्ष प्रदिप केसीले बताए । नेपाल धितोपत्र बोर्डद्वारा इजाजत प्राप्त तथा नेपाल स्टक एक्सचेञ्च लिमिटेडको धितोपत्र दलाल सदस्यता प्राप्त यस ब्रोकरले २०८० भदौ १० देखि औपचारिक रूपमा कारोबार शुरू गरेको थियो । कम्पनीले हाल काठमाडौं-१० बुद्धनगरस्थित मुख्य कार्यालयबाट सेवा प्रदान गरिरहेको छ । कम्पनीले ग्राहकलाई सर्वसुलभ र प्रविधिमैत्री रूपमा धितोपत्र ब्रोकरेज तथा निक्षेप सदस्य (डिपी)को सेवा प्रदान गरिरहेको प्रबन्ध सञ्चालक शालिकराम

## ग्लोबल आइएमई बैंकका ग्राहकलाई क्यापिटल रिफरेन्स ल्याबमा छूट

चितवन (अस) । ग्लोबल आइएमई बैंकका ग्राहकले भरतपुर हस्पिटल रोडमा रहेको क्यापिटल रिफरेन्स ल्याबमा छूट पाउने भएका छन् । भरतपुरमा आयोजित एक कार्यक्रममा बैंकका गण्डकी प्रदेश प्रमुख सुशोभन देवकोटा र ल्याबका प्रमुख कार्यकारी अधिकृत रविरमण अधिकारीले छूटसम्बन्धी सम्झौतामा हस्ताक्षर गरेका हुन् । सम्झौताअनुसार बैंकका ग्राहकले क्यापिटल रिफरेन्स ल्याबका जुनसुकै परीक्षणमा २५ प्रतिशत छूट पाउने बैंकका गैंडाकोट शाखा प्रबन्धक किसन श्रेष्ठले जानकारी दिए । सो अवसरमा बैंकका गण्डकी प्रदेश क्रेडिट म्यानेजर नारायणप्रसाद पौड्याल, मार्केटिङ विभागका राजकुमार महर्जन, अपरेशन सपोर्ट विभागका नव निउरे लगायतको उपस्थिति थियो । बैंकका ग्राहकले आफूसँग भएको एटिएम कार्ड, चेकबुक, ग्लोबल स्मार्ट प्लस एप देखाएर उक्त छूट सुविधा लिन सक्ने श्रेष्ठले जानकारी दिए ।

# सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड

**Suryodaya Womi Laghubitta Bittiya Sanstha Limited**

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था)

केन्द्रीय कार्यालयः बनेपा-१३, साँगा, काभ्रेपलाञ्चोक , कर्पोरेट कार्यालयः महालक्ष्मी-४, ललितपुर,
फोन नं. ०१-५९१२७५२, Email: info@swmfi.com.np, website: www.swmfi.com.np

## तेह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना !

श्री आदरणीय शेयरधनी महानुभावहरु,

यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०८१ पौष ५ गते बसेको २३० औं बैठकको निर्णयानुसार कम्पनीको तेह्रौं वार्षिक साधारण सभा (आ.व.०८०/८१) निम्न मिति, समय र स्थानमा देहायमा उल्लेखित विषयहरुमा छलफल गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि अनुरोध गरिन्छ ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०८१ पौष २८ गते आइतवार, (तदनुसार १२ जनवरी, २०२५)
समय : बिहान ११:०० बजे
स्थान : महालक्ष्मी नगरपालिका वडा नं.- ८, लुभु, ललितपुर स्थित लुभु पार्टी प्यालेस एण्ड क्याटेरिङ्ग सेण्टरको सभाहल

**छलफलका विषयहरु :**

**क) सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व. २०८०।८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वासलात, २०८० श्रावण १ गते देखि २०८१ आषाढ मसान्तसम्मको नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ६३ अनुसार आ.ब. २०८१/८२ को लागि लेखापरीक्षण समितिको सिफारिसमा लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने। (कम्पनी ऐन २०६३ को दफा १११ को (३) बमोजिम बर्तमान लेखापरिक्षक Khatiwada Dipesh & Associates Chartered Accountants पुनः नियुक्त हुनु योग्य हुनु हुन्छ ।)
४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पुँजी **रु १,०४,३६,६६,३१६/७२** (अक्षरेपी एक अरब चार करोड छत्तिस लाख छैसट्ठी हजार तिन सय सोह्र र पैसा बहत्तर मात्र) को **०.९६२३५०५** प्रतिशतले हुन आउने **रु. १,००,४३,७२८/०४** (अक्षरेपी एक करोड त्रिचालीस हजार सात सय अठ्ठाइस र पैसा चार मात्र) कर प्रयोजन सहित नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

**ख) विशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजी **रु १,०४,३६,६६,३१६/७२** (अक्षरेपी एक अरब चार करोड छत्तिस लाख छैसट्ठी हजार तिन सय सोह्र पैसा बहत्तर मात्र) को **६** प्रतिशतले हुने रकम **रु. ६,२६,१९,९७९/-** (अक्षरेपी छ करोड छब्बिस लाख उन्नाइस हजार नौ सय उनासी मात्र) बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने । बोनस शेयरलाई अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजीमा बृद्धि गरी संस्थाको प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन गर्ने विशेष प्रस्ताव स्वीकृत गर्ने । बोनश शेयर जारी गर्दा दशमलव पछिको शेयर (Fraction Share) अंकलाई पछि समायोजन गर्ने गरी यथावत कायम गर्ने ।
२. भविष्यमा अन्य लघुवित्त संस्थासँग मर्जर तथा प्राप्ती गर्ने प्रयोजनार्थ अन्य उपयुक्त लघुवित्त वित्तीय संस्थाहरुसँग मर्जर/प्राप्ती सम्बन्धी सम्झौतापत्र तर्जुमा गर्ने, DDA गर्ने र मर्जर/प्राप्ती सम्बन्धी आवश्यक अन्य सम्पूर्ण प्रक्रिया पुरा गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।
३. उपरोक्त बमोजिमका विशेष प्रस्तावहरुमा नियमनकारी निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतबाट स्वीकृत लिने, अभिलेख गर्ने क्रममा कुनै विषयमा संशोधन एवं परिवर्तन गर्न निर्देशन भएमा सो समेत मिलाई संशोधन एवं परिवर्तन गर्ने लगायत अन्य सम्पूर्ण कार्य गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**ग) विविध प्रस्ताव :**

### साधारण सभा सम्बन्धी थप जानकारी

१. सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावहरुले सभाको दिन सभा हुने स्थानमा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभा स्थलमा सभा हुने दिनको विहान ९:०० बजे देखि सभा सञ्चालन रहे सम्म खुल्ला रहनेछ ।
२. वार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०८१ पौष २१ गते एक दिनका लागि वित्तीय संस्थाको शेयरधनी दर्ता किताव शेयर दाखिला खारेज दर्ता बन्द रहनेछ । मिति २०८१ पौष २० गतेसम्म नेपाल स्टक एकसचेन्ज लिमिटेडमा नियमानुसार कारोवार भई सि.डि.एस. एण्ड क्लियरिङ्ग लिमिटेडबाट राफसाफ समेत भई यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार कुमारी क्यापिटल लिमिटेड, नागपोखरी, काठमाण्डौंमा रहेको शेयरधनी दर्ता किताबमा अद्यावधिक भई कायम हुन आएका शेयरधनीहरु मात्र साधारण सभामा भाग लिन र लाभांश प्राप्त गर्न सक्नु हुनेछ ।
३. शेयरधनी महानुभावहरुको सुविधा तथा जानकारीको लागि संक्षिप्त बार्षिक प्रतिवेदन यसै सूचनाको साथ प्रकाशित गरिएको छ । कार्यालय समय भित्र यस वित्तीय संस्थाको केन्द्रीय कार्यालयः बनेपा-१३, साँगा, काभ्रेबाट वा वित्तीय संस्थाको कर्पोरेट कार्यालयः महालक्ष्मी-४, ललितपुरबाट कार्यालय समयमा वा यस वित्तीय संस्थाको वेबसाइट www.swmfi.com.np बाट समेत उक्त वार्षिक प्रतिवेदन प्राप्त गर्न सकिनेछ । सभामा भाग लिन खोलिएको (डिम्याट) नं. र आफ्नो परिचय खुल्ने प्रमाण (जस्तैः नागरिकताको प्रमाणपत्र वा अन्य कुनै परिचय पत्र) सभा हुने दिन अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनुरोध छ ।
४. साधारण सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रतिनिधि पत्र (प्रोक्सी फाराम) भरी कर्पोरेट कार्यालय महालक्ष्मी-४, ललितपुरमा सभा सुरु हुनुभन्दा कम्तिमा ४८ घण्टा अगाडि दर्ता गराई सक्नु पर्नेछ ।
५. प्रतिनिधि मुकरर गर्दा सम्पूर्ण शेयरको प्रतिनिधि एकै व्यक्तिलाई गर्नु पर्दछ । एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि मुकरर गरेमा जुन प्रोक्सी वित्तीय संस्थाको रजिष्ट्रर्ड कार्यालयमा पहिला प्राप्त भई दर्ता हुन्छ सो मात्र मान्य हुनेछ ।
६. प्रतिनिधी मुकरर गर्दा आफ्नो सम्पूर्ण शेयरको प्रोक्सी नियुक्त नगरी केही शेयर आफैले राखी सभामा स्वयं शेयरधनी उपस्थित भएमा उक्त मुकरर गरिएको प्रतिनिधि स्वतः बदर हुनेछ ।
७. नाबालक शेयरधनीको तर्फबाट वित्तीय संस्थाको शेयर लगत कितावमा संरक्षकको रुपमा दर्ता भएको व्यक्तिले भाग लिन वा प्रतिनिधी तोक्न सक्नु हुनेछ ।
८. शेयरधनीहरुले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरुको सम्बन्धमाा संचालक समितिको तर्फबाट सामुहिक रुपले अध्यक्ष वा अध्यक्षबाट अख्तियारी पाएका व्यक्तिले जवाफ दिन सक्नेछन् ।
९. छलफलको विषय अन्तर्गत विविध शिर्षक सम्बन्धमा शेयरधनी महानुभावहरुले छलफल गर्न चाहनु भएको विषय बारेमा साधारण सभा हुनु भन्दा कम्तिमा ७ दिन अघि वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय मार्फत वित्तीय संस्थाको अध्यक्षलाई लिखित रुपमा जानकारी दिनुपर्नेछ । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा सामवेश गरिने छैन ।
१०. साधारण सभामा कुनै छलफलको विषय अन्तर्गत छलफल गर्नुपरेमा कुल शेयर पुँजीको ६७ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनी महानुभावहरुले स्वीकृत दिएकोमा बाहेक सभाको सुचनामा उल्लेख नभएको विषय (एजेण्डा) उपर सभामा छलफल र निर्णय गरिने छैन । कम्पनी ऐन २०६३ को दफा ८४ अनुसारको संक्षिप्त बार्षिक आर्थिक विवरण, संचालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन शेयरधनीहरुले निरीक्षण वा प्राप्त गर्न चाहनु भएमा वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय वा यस वित्तीय संस्थाको वेबसाइट www.swmfi.com.np बाट उपलब्ध हुनेछ ।
११. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरु सभा स्थल आउँदा झोला वा अन्य सामान नलिई आउनुहुन अनुरोध गरिन्छ । आवश्यकता अनुसार सभा कक्षमा प्रवेश गर्दा सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरी दिनुहुन समेत अनुरोध गरिन्छ ।
१२. साधारण सभा सम्बन्धी अन्य जानकारीको लागि वित्तीय संस्थाको कर्पोरेट कार्यालय, महालक्ष्मी-४, इमाडोल, ललितपुरको फोन नं. ०१-५९१२७५३ मा सम्पर्क राख्नुहुन अनुरोध छ ।

## Statement of Profit or Loss
For the year ended 31st Ashadh 2081

| Particulars | Notes | Current Year | Previous Year |
|---|---|---|---|
| Interest Income | 4.27 | 1,539,072,828 | 1,543,362,181 |
| Interest Expense | 4.28 | 882,859,542 | 967,069,972 |
| **Net Interest Income** | | **656,213,287** | **576,292,209** |
| Fee and Commission Income | 4.29 | 94,404,778 | 88,743,782 |
| Fee and Commission Expense | 4.30 | - | - |
| **Net Fee and Commission Income** | | **94,404,778** | **88,743,782** |
| **Net Interest, Fee and Commission Income** | | **750,618,065** | **665,035,990** |
| Net Trading Income | 4.31 | - | - |
| Other Operating Income | 4.32 | - | 1,582,005 |
| **Total Operating Income** | | **750,618,065** | **666,617,995** |
| Impairment charge/(reversal) for loans and other losses | 4.33 | 58,873,505 | 25,348,085 |
| **Net Operating Income** | | **691,744,560** | **641,269,910** |
| **Operating Expense** | | | |
| Personnel Expenses | 4.34 | 479,676,445 | 453,041,719 |
| Other Operating Expenses | 4.35 | 78,113,909 | 93,273,255 |
| Depreciation & Amortization | 4.36 | 31,254,950 | 36,162,951 |
| **Operating Profit** | | **102,699,256** | **58,791,986** |
| Non Operating Income | 4.37 | - | - |
| Non Operating Expense | 4.38 | - | - |
| **Profit before Income Tax** | | **102,699,256** | **58,791,986** |
| Income Tax Expense | 4.39 | - | - |
| Current Tax | | 46,386,340 | 25,516,024 |
| Deferred Tax (Income)/Expense | | (634,218) | (3,188,661) |
| **Profit for the year** | | **56,947,134** | **36,464,623** |
| **Profit Attributable To:** | | | |
| Equity Holders Of The Financial Institution | | 56,947,134 | 36,464,623 |
| **Profit For The Year** | | **56,947,134** | **36,464,623** |

# सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड

**Suryodaya Womi Laghubitta Bittiya Sanstha Limited**

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था)

केन्द्रीय कार्यालयः बनेपा-१३, साँगा, काभ्रेपलाञ्चोक
कर्पोरेट कार्यालयः महालक्ष्मी-४, ललितपुर,
फोन नं. ०१-५९१२७५२,
Email: info@swmfi.com.np, website: www.swmfi.com.np

## आर्थिक वर्ष २०८०।८१ को संक्षिप्त बार्षिक आर्थिक विवरण

कम्पनी ऐन, २०६३ को दफा ८४ (४) तथा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थालाई जारी निर्देशन ४/०७९ को ४.१ (घ) को प्रयोजनको निमित्त प्रकाशित विवरण

(प्रस्तुत संक्षिप्त वार्षिक आर्थिक विवरण, कम्पनीको वार्षिक आर्थिक विवरण तथा सञ्चालक समितिको प्रतिवेदनको संक्षिप्त विवरण मात्र हो)

**श्री शेयरधनी महानुभावहरु,**


सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेडको तेह्रौ बार्षिक साधारण सभाको प्रयोजनार्थ वित्तीय संस्थाको आर्थिक बर्ष २०८०।८१ को वासलात, नाफा नोक्सान विवरण, नगद प्रवाह विवरण लगायत वित्तीय विवरण संस्थाको समग्र कारोबारको सिंहावलोकन निम्नानुसार रहेको व्यहोरा यस संक्षिप्त बार्षिक आर्थिक विवरण मार्फत जानकारी गराउँदछौ ।

(क) आर्थिक वर्ष २०८०।८१ को कारोबारको सिंहवलोकन तुलनात्मक रुपमा मुख्य वित्तीय झलकहरु निम्नानुसार रहेको छ ।

| विवरण | आषाढ मसान्त(रु. ०००) | | बृद्धि | |
|---|---|---|---|---|
| | २०८१ | २०८० | रकम | प्रतिशत |
| शेयर पूँजी | ९१०,७८२.५१ | ९१०,७८२.५१ | - | ०.००% |
| जगेडा कोषहरु | ५६६,६९७.५३ | ४९९,६९८.१३ | ६६,९९९.४० | १३.४१% |
| ऋण तथा सापटीहरु | ५,४४१,१९६.१२ | ४,३४५,१५८.८३ | १,०९६,०३७.२९ | २५.२२% |
| निक्षेप दायित्वहरु | ४,८२४,७६७.८४ | ४,५४८,३९७.२७ | २७६,३७०.५७ | ६.०८% |
| अन्य दायित्व तथा कोषहरु | २८४,९००.११ | २६२,८२२.१३ | २२,०७७.९८ | ८.४०% |
| **कुल पूँजी तथा दायित्वहरु** | **१२,०२८,३४४.११** | **१०,५६६,८५८.८७** | **१,४६१,४८५.२४** | **१३.८३%** |
| नगद, बैंक मौज्दात तथा लगानी | ७२१,३९०.५५ | ३३७,४९७.४८ | ३८३,८९३.०७ | ११३.७५% |
| उठाउन बाँकी विपन्न वर्ग कर्जा (खुद) | ११,१०७,७५५.८८ | १०,०११,७९८.३४ | १,०९५,९५७.५५ | १०.९५% |
| लगानी | २,०००.०० | २,०००.०० | - | ०.००% |
| स्थिर तथा अन्य सम्पति | १९७,१९७.६७ | २१५,५६३.०६ | (१८,३६५.३९) | -८.५२% |
| **कुल सम्पतिहरु** | **१२,०२८,३४४.११** | **१०,५६६,८५८.८७** | **१,४६१,४८५.२४** | **१३.८३%** |
| खुद व्याज आम्दानी | १,५३९,०७२.८३ | १,५४३,३६२.१८ | (४,२८९.३५) | -०.२८% |
| सञ्चालन मुनाफा (नोक्सान ) | १०२,६९९.२६ | ५८,७९१.९९ | ४३,९०७.२७ | ७४.६८% |
| **खुद नाफा (नोक्सान)** | **५६,९४७.१३** | **३६,४६४.६२** | **२०,४८२.५१** | **५६.१७%** |
| पूँजीकोष अनुपात (%) | ११.४३ | १२.१८ | (०.७५) | -६.१६% |

**(ख) लेखापरीक्षकको मन्तव्य**

सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेडको २०८१ आषाढ ३१ ( १५ जुलाई २०२४) गतेको वित्तीय अवस्था र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको सञ्चालन नतिजा र नगद प्रवाहमा लेखापरीक्षकद्वारा तल दिइएको प्रतिवेदन पेश गर्नु भएको छ ।



## Statement of Financial Position
As on 2081 Ashadh 31

*Amount in NPR*

| PARTICULARS | NOTES | As at 31.03.2081 | As at 31.03.2080 |
|---|---|---|---|
| **ASSETS** | | | |
| Cash and Cash equivalent | 4.1 | 667,257,875 | 283,364,800 |
| Statutory Balances and Due from Nepal Rastra Bank | 4.2 | 54,132,679 | 54,132,679 |
| Placement with Bank & Financial Institutions | 4.3 | - | - |
| Derivative Financial Instruments | 4.4 | - | - |
| Other Trading Assets | 4.5 | - | - |
| Loan and Advances to MFIs & Cooperatives | 4.6 | - | - |
| Loans and Advances to Customers | 4.7 | 11,107,755,885 | 10,011,798,337 |
| Investment Securities | 4.8 | 2,000,000 | 2,000,000 |
| Current Tax Assets | 4.9 | - | 15,646,320 |
| Investment Property | 4.10 | - | - |
| Property and Equipment | 4.11 | 98,079,834 | 104,763,400 |
| Goodwill and Intangible assets | 4.12 | 1,772,811 | 1,914,124 |
| Deferred Tax Assets | 4.13 | 23,130,502 | 27,648,436 |
| Other Assets | 4.14 | 74,214,524 | 65,590,776 |
| **TOTAL ASSETS** | | **12,028,344,108** | **10,566,858,871** |
| **LIABILITIES** | | | |
| Due to Bank and Financial Institutions | 4.15 | - | - |
| Due to Nepal Rastra Bank | 4.16 | - | - |
| Derivative Financial Instrument | 4.17 | - | - |
| Deposits from Customers | 4.18 | 4,824,767,842 | 4,548,397,271 |
| Borrowing | 4.19 | 5,441,196,116 | 4,345,158,831 |
| Current Tax Liabilities | 4.9 | 5,697,029 | - |
| Provisions | 4.20 | - | - |
| Deferred Tax Liabilities | 4.13 | | |
| Other Liabilities | 4.21 | 279,203,081 | 262,822,126 |
| Debt Securities Issued | 4.22 | - | - |
| Subordinated Liabilities | 4.23 | - | - |
| **TOTAL LIABILITIES** | | **10,550,864,068** | **9,156,378,227** |
| **EQUITY** | | | |
| Share Capital | 4.24 | 910,782,509 | 910,782,509 |
| Share Premium | | - | - |
| Retained Earnings | | 204,118,356 | 157,640,909 |
| Reserves | 4.25 | 362,579,176 | 342,057,225 |
| **TOTAL EQUITY** | | **1,477,480,040** | **1,410,480,642** |
| **TOTAL LIABILITIES & EQUITY** | | **12,028,344,108** | **10,566,858,871** |
| Contingent Liabilities and Commitment | 4.26 | 66,892,051 | 71,323,574 |
| Net assets value per share | | 162.22 | 154.86 |

## Statement of Comprehensive Income
For the year ended 31st Ashadh 2081

| Particulars | Notes | Current Year | Previous Year |
|---|---|---|---|
| **Profit For The Year** | | **56,947,134** | **36,464,623** |
| **Other Comprehensive Income, Net Of Income Tax** | | | |
| **A) Items That Will Not Be Reclassified To Profit Or Loss** | | **12,021,687** | **(11,537,497)** |
| Gains/(Losses) From Investments In Equity Instruments Measured At Fair Value | | | |
| Gains/(Losses) On Revalation | | | |
| Acturial Gains/(Losses) On Defined Benefit Plans | | 17,173,839 | (16,482,138) |
| Income Tax Relating To Above Items | | (5,152,152) | 4,944,641 |
| **Net Other Comprehensive Income That Will Not Be Reclassified To Profit Or Loss** | | | |
| **B) Items That Are Or May Be Reclassified To Profit Or Loss** | | - | - |
| Gains/(Losses) On Cash Flow Hedge | | - | - |
| Exchange Gains/(Losses) (Arising From Translating Financial Assets Of Foreign Operation) | | - | - |
| Income Tax Relating To Above Items | | - | - |
| Reclassify To Profit Or Loss | | - | - |
| **Net Other Comprehensive Income That Are Or May Be Reclassified To Profit Or Loss** | | **12,021,687** | **(11,537,497)** |
| **Other Comprehensive Income For The Year, Net Of Income Tax** | | **12,021,687** | **(11,537,497)** |
| **Total Comprehensive Income For The Year** | | **68,968,821** | **24,927,126** |

## Statement of Changes in Equity
For the Year Ended 31 Ashadh 2081

| Particulars | Share Capital | Share Premium | General Reserve | Exchange Equilization Reserve | Regulatory Reserve | Fair Value Reserve | Retained Earning | Other Reserve | Total Equity |
|---|---|---|---|---|---|---|---|---|---|
| **Balance At Shrawan 1, 2079** | **791,984,790** | - | **179,296,254** | - | **34,709,856** | - | **247,010,984** | **133,358,855** | **1,386,360,740** |
| **Comprehensive Income For The Year** | - | - | - | - | - | - | | - | - |
| **Profit For The Year** | - | - | - | - | - | - | **36,464,623** | - | **36,464,623** |
| **Other Comprehensive Income, Net Of Tax** | - | - | - | - | - | - | | - | - |
| Gains/(Losses) From Investments In Equity Instruments Measured At Fair Value | - | - | - | - | - | - | | - | - |
| Gains/(Losses) On Revaluation | - | - | - | - | - | - | | - | - |
| Actuarial Gains/(Losses) On Defined Benefit Plans | - | | | | (11,537,497) | | | - | **(11,537,497)** |
| Gains/(Losses) On Cash Flow Hedge | - | | | | | | | - | - |
| Exchange Gains/(Losses) (Arising From Translating Financial Assets Of Foreign Operation) | - | | | | | | | - | - |
| **Total Comprehensive Income For The Year** | - | - | - | - | **(11,537,497)** | - | - | - | **(11,537,497)** |
| Transfer To Reserve During The Year | | | 7,292,925 | | | | (16,155,520) | **8,862,595** | - |
| Transfer From Reserve During The Year | - | - | - | - | (9,118,540) | | 9,118,540 | - | - |
| Other | - | - | - | - | - | - | - | **(807,223)** | **(807,223)** |
| **Transactions With Owners, Directly Recognized In Equity** | - | - | - | - | - | - | - | - | - |
| Share Issued | - | - | - | - | - | - | - | - | - |
| Share Based Payments | - | - | - | - | - | - | - | - | - |
| Dividends To Equity Holders | - | - | - | - | - | - | - | - | - |
| Bonus Shares Issued | 118,797,719 | - | - | - | - | - | (118,797,719) | - | - |
| Cash Dividend Paid | - | - | - | - | - | - | - | - | - |
| Other | - | - | - | - | - | - | - | - | - |
| Total Contributions By And Distributions | - | - | - | - | - | - | - | - | - |
| **Balance At Asar End 2080** | **910,782,509** | - | **186,589,179** | - | **14,053,819** | - | **157,640,909** | **141,414,227** | **1,410,480,642** |
| **Balance At Shrawan 1, 2080** | **910,782,509** | - | **186,589,179** | - | **14,053,819** | - | **157,640,909** | **141,414,227** | **1,410,480,642** |
| Prior Period Reclassification Adjustments | | | | | 84,913,156 | | (43,137,356) | (41,775,799) | |
| **Adjusted Balance At Shrawan 1, 2080** | **910,782,509** | - | **186,589,179** | - | **98,966,975** | - | **114,503,552** | **99,638,428** | **1,410,480,642** |
| **Comprehensive Income For The Year** | - | - | - | - | - | - | | - | - |
| **Profit For The Year** | - | - | - | - | - | - | 56,947,134 | - | 56,947,134 |
| **Other Comprehensive Income, Net Of Tax** | - | - | - | - | - | - | - | - | - |
| Gains/(Losses) From Investments In Equity Instruments Measured At Fair Value | - | - | - | - | - | - | - | - | - |
| Gains/(Losses) On Revaluation | - | - | - | - | - | - | - | - | - |
| Actuarial Gains/(Losses) On Defined Benefit Plans | - | - | - | - | - | - | - | 12,021,687 | 12,021,687 |
| Gains/(Losses) On Cash Flow Hedge | - | - | - | - | - | - | - | - | - |
| Exchange Gains/(Losses) (Arising From Translating Financial Assets Of Foreign Operation) | - | - | - | - | - | - | - | - | - |
| **Total Comprehensive Income For The Year** | - | - | - | - | - | - | **56,947,134** | **12,021,687** | **68,968,821** |
| Transfer To Reserve During The Year | | | 11,389,427 | | (43,364,412) | | 30,836,042 | 1,138,943 | - |
| Transfer From Reserve During The Year | - | - | - | - | - | - | - | - | - |
| Other | - | - | - | - | - | - | | - | - |
| *Interest, Net of Tax on Client Protection Fund* | - | - | - | - | - | - | - | 2,420,830 | 2,420,830 |
| *Expenses from Client Protection Fund & Corporate Social Responsibility Reserve* | - | - | - | - | - | - | | (3,842,513) | - |
| *Transfer from Retained Earning to Regulatory Reserve on Account of Cumalative Actuarial Loss* | - | - | - | - | (12,021,687) | | 12,021,687 | - | - |
| *Transfer from Retained Earning to Regulatory Reserve on Account of Write Back from Restructure Loans & Advances as per NRB Directives* | - | - | - | - | 9,642,319 | | (9,642,319) | - | - |
| *Transfer from Retained Earning to Regulatory Reserve on Account of NFRS Adjustments* | - | - | - | - | - | - | - | - | - |
| **Transactions With Owners, Directly Recognized In Equity** | - | - | - | - | - | - | - | - | - |
| Share Issued (Expenses on Share Issued) | - | - | - | - | - | - | (547,741) | | (547,741) |
| Share Based Payments | - | - | - | - | - | - | - | - | - |
| Dividends To Equity Holders | - | - | - | - | - | - | - | - | - |
| Bonus Shares Issued | - | - | - | - | - | - | - | - | - |
| Cash Dividend Paid | - | - | - | - | - | - | - | - | - |
| Other | - | - | - | - | - | - | - | - | - |
| Total Contributions By And Distributions | - | - | - | - | - | - | - | - | - |
| **Balance At Asar End 2081** | **910,782,509** | - | **197,978,606** | - | **53,223,195** | - | **204,118,356** | **111,377,375** | **1,477,480,040** |

## Statement of Cash Flows
For the year ended 31st Ashadh 2081

| Particulars | Current Year | Previous Year |
|---|---|---|
| **CASH FLOWS FROM OPERATING ACTIVITIES** | | |
| Interest Received | 1,531,436,860 | 1,556,388,667 |
| Fees And Other Income Received | 94,404,778 | 88,743,782 |
| Divided Received | - | - |
| Receipts From Other Operating Activities | 0 | - |
| Interest Paid | (883,576,126) | (969,788,294) |
| Commission And Fees Paid | - | - |
| Cash Payment To Employees | (449,615,372) | (434,723,650) |
| Other Expense Paid | (69,724,993) | (123,352,077) |
| **Operating cash flows before changes in operating assets and liabilities** | **222,925,147** | **117,268,428** |
| **(Increase)/Decrease In Operating Assets** | | |
| Statutory Balances and Due From Nepal Rastra Bank | - | (37,678) |
| Placement With Bank And Financial Institutions | - | - |
| Other Trading Assets | - | - |
| Loan And Advances To Bank And Financial Institutions | - | - |
| Loans And Advances To Customers | (1,144,616,632) | 815,519,189 |
| Other Assets | (11,202,200) | (10,944,383) |
| **Increase/(Decrease) In Operating Liabilities** | | |
| Due To Bank And Financial Institutions | - | - |
| Due To Nepal Rastra Bank | - | - |
| Deposit From Customers | 276,370,572 | 268,567,724 |
| Borrowings | 1,096,037,285 | (1,361,253,902) |
| Other Liabilities | (26,698,806) | 3,768,909 |
| **Net cash flow from operating activities before tax paid** | **412,815,365** | **(167,111,712)** |
| Income Tax | (25,042,991) | (42,246,202) |
| **NET CASH FLOW FROM OPERATING ACTIVITIES (A)** | **387,772,374** | **(209,357,914)** |
| **CASH FLOWS FROM INVESTING ACTIVITIES** | | |
| Purchase Of Investment Securities | - | - |
| Receipts From Sale Of Investment Securities | - | - |
| Purchase Of Property And Equipment | (1,639,805) | (29,402,552) |
| Receipt From The Sale Of Property And Equipment | - | - |
| Purchase Of Intangible Assets | (270,070) | (418,100) |
| Receipt From The Sale Of Intangible Assets | - | - |
| Purchase Of Investment Properties | - | - |
| Receipt From The Sale Of Investment Properties | - | - |
| Interest Received | - | - |
| Dividend Received | - | - |
| Other Received | | |
| **NET CASH USED IN INVESTING ACTIVITIES (B)** | **(1,909,875)** | **(29,820,652)** |
| **CASH FLOWS FROM FINANCING ACTIVITIES** | | |
| Receipt From Issue Of Debt Securities | - | - |
| Repayment Of Debt Securities | - | - |
| Receipt From Issue Of Subordinated Liabilities | - | - |
| Repayment Of Subordinated Liabilities | - | - |
| Receipt/(Payment) From/(to) Issue Of Shares (net of taxes) | (547,741) | - |
| Dividends Paid | - | - |
| Interest Paid | - | - |
| Other Receipt/Payment | (1,421,683) | - |
| **NET CASH FLOWS FROM FINANCING ACTIVITIES (C)** | **(1,969,424)** | **-** |
| **NET INCREASE/(DECREASE) IN CASH AND CASH EQUIVALENTS** | **383,893,075** | **(239,178,566)** |
| Cash and cash equivalents at Shrawan 1 | 283,364,800 | 522,543,366 |
| Effect of exchange rate fluctuations on cash and cash equivalents held | | |
| **Cash and cash equivalents at Asar end** | **667,257,875** | **283,364,800** |

NRB Directive Form No. 1.1

## Statement of Capital Fund

| S.N. | Description | As at 31.03.2080 | As at 32.03.2079 |
|---|---|---|---|
| **A.** | **Core Capital** | | *(Rs. in '000)* |
| 1 | Paid up Capital (ordinary shares) | 910,783 | 910,783 |
| 2 | Proposed bonus share | - | - |
| 3 | Share premium | - | - |
| 4 | Irredeemable preferential share | - | - |
| 5 | General Reserve Fund | 197,979 | 186,589 |
| 6 | Accumulated profit/(loss) | 204,118 | 157,641 |
| 7 | Profit & loss a/c as per balance-sheet | - | - |
| 8 | Capital Redemption Reserve Fund | - | - |
| 9 | Capital Adjustment Fund | | |
| 10 | Calls in advance | - | - |
| 11 | Other Free Reserves | - | 27,648 |
| **Deductions: -** | | | (27,648) |
| a | Goodwill | - | |
| b | Deferred tax assets | - | 27,648 |
| b | Investment on shares and securities in excess of limits | | - |
| c | Investment to the company having financial interests | | - |
| d | Fictitious Asset | - | - |
| e | Investment on land and building for self use not complying the Directives of NRB | | - |
| f | Investment on land development and housing construction in excess of limits | | - |
| g | Underwriting share not sold within the stipulated time | | - |
| h | Credit and other facilities banned by the prevailing laws | | - |
| | **Total Core Capital (A)** | **1,312,879** | **1,255,013** |
| **B.** | **Supplementary capital** | **Period: Current** | **Period: Previous** |
| 1 | Provisions of loan loss made for pass loan | 52,095 | 26,549 |
| 2 | Additional loan loss provision | - | 18,377 |
| 3 | Hybrid capital instruments | - | - |
| 4 | Unsecured Subordinated Term Debt | - | - |
| 5 | Exchange Equalization Fund | - | - |
| 6 | Assets revaluation Fund (max. 2% of Supplementary capital is added automatically) | - | - |
| 7 | Investment adjustment Fund | - | - |
| | **Total Supplementary Capital (B)** | **52,095** | **44,926** |
| **C.** | **Total Capital Fund (A+B)** | **1,364,974** | **1,299,938** |
| **D.** | **Minimum capital Fund to be maintained based on Risk Weighted Assets:** | | |
| 1 | Minimum Capital Fund Required (8.0 % of RWA) | **955,044** | **853,849** |
| 2 | Minimum Core Capital Required (4.0 % of RWA) | **477,522** | **426,925** |
| 3 | Capital Fund maintained ( in %) | **11.43%** | **12.18%** |
| 4 | Core Capital maintained (in %) | **11.00%** | **11.76%** |
| 5 | Capital Fund surplus by 4.18 % (Previous period surplus by 3.01 %) | **409,930** | **446,089** |
| 6 | Core Capital surplus by 7.76 % (Previous period surplus by 6.51 %) | **835,358** | **828,088** |

NRB Directive Form No. 1.2

## Statement of Risk Weighted Assets (RWA)
At the month end of Ashadh, 2081

**A. On-Balance-sheet Items** *(Rs. in '000)*

| S.N. | Description | Weight (%) | 31.03.2080 Amount | 31.03.2080 RWA | 32.03.2079 Amount | 32.03.2079 RWA |
|---|---|---|---|---|---|---|
| 1 | Cash Balance | 0 | 3,001 | - | 2,983 | - |
| 2 | Gold (Tradable) | 0 | | - | | - |
| 3 | NRB Balance | 0 | 23,233 | - | 233 | - |
| 4 | Investment to Govt. Bond | 0 | | - | | - |
| 5 | Investment to NRB Bond | 0 | | - | | - |
| 6 | Loan against Own FD | 0 | | - | | - |
| 7 | Loan against Govt. Bond | 0 | | - | | - |
| 8 | Accrued interests on Govt. bond | 0 | | - | | - |
| 9 | Investment to Youth and Small Entrepreneurs Self-employment Fund | 0 | | - | | - |
| 10 | Balance on domestic banks and financial institutions | 20 | 718,366 | 143,673 | 334,282 | 66,856 |
| 11 | Loan against other banks' and financial institutions' FD | 20 | | - | | - |
| 12 | Foreign bank balance | 20 | | - | | - |
| 13 | Money at call | 20 | | - | | - |
| 14 | Loan against internationally rated bank guarantee | 20 | | - | | - |
| 15 | Investment to internationally rated Banks | 20 | | - | | - |
| 16 | Inter-bank lending | 20 | | - | | - |
| 17 | Investment on shares/debentures/bonds | 100 | | - | | - |
| 18 | Other investments | 100 | 2,000 | 2,000 | 2,000 | 2,000 |
| 19 | Loans & advances, bills purchase/discount | 100 | 11,374,219 | 11,374,219 | 10,219,321 | 10,219,321 |
| 20 | Fixed assets | 100 | 98,080 | 98,080 | 104,763 | 104,763 |
| 21 | Net interest receivables (Toral IR-8-Interest supsense) | 100 | | - | | - |
| 22 | Net Non-Banking Asset | 100 | | - | | - |
| 23 | Other assets (Except advance tax payment) | 100 | 74,215 | 74,215 | 65,591 | 65,591 |
| 24 | Real estate/residential housing loans exceeding the limits | 150 | | - | | - |
| | **Total On-Balance-sheet Items (A)** | | 12,293,114 | 11,692,187 | 11,656,234,619 | 11,178,858,920 |

**B. Off-Balance-sheet Items**

| S.N. | Description | Weight (%) | Current period Amount | Current period RWA | Previous period Amount | Previous period RWA |
|---|---|---|---|---|---|---|
| 1 | Bills collection | 0 | | - | | - |
| 2 | Forward foreign exchange contract | 10 | | - | | - |
| 3 | L/C with maturity less than six months (Outstanding value) | 20 | | - | | - |
| 4 | Guarantee against International rated bank's counter guarantee | 20 | | - | | - |
| 5 | L/C with maturity more than six months (Outstanding value) | 50 | | - | | - |
| 6 | Bid bond, performance bond and underwriting | 50 | | - | | - |
| 7 | Loan sale with repurchase agreement | 50 | | - | | - |
| 8 | Advance payment guarantee | 100 | | - | | - |
| 9 | Financial and other guarantee | 100 | | - | | - |
| 10 | Irrevocable loan commitment | 100 | | - | | - |
| 11 | Possible liabilities for income tax | 100 | | - | | - |
| 12 | All types of possible liabilities including acceptance | 100 | | - | | - |
| 13 | Rediscounted bills | 100 | | - | | - |
| 14 | Unpaid portion of partly paid share investment | 100 | | - | | - |
| 15 | Unpaid guarantee claims | 200 | | - | | - |
| 16 | Amount to be maintained for operational risk (2% of Total Assets) | 100 | 245,862 | 245,862 | 214,583 | 214,583 |
| | **Total Off-Balance-sheet Items (B)** | | 245,862 | 245,862 | 214,583 | 214,583 |
| | **Total Risk Weighted Assets (A) + (B)** | | | 11,938,049 | | 10,673,115 |

जब महिलाहरू राजनीतिक नेतृत्वमा सशक्त बनाइन्छन्, तब देशको जीवनस्तरमा सुधार, शिक्षा, पूर्वाधार र स्वास्थ्य सेवामा सकारात्मक विकास हुन्छ ।
**– मिरियम डिफेन्सोर सान्टियागो**

सम्पादकीय

# दूरसञ्चारमा पुनर्लगानी समस्या

**कुनै बेला फिक्स्ड ल्यान्ड लाइन फोनको रजगज थियो भने त्यसपछि मोबाइल फोनको । अहिले पनि मोबाइल अनिवार्य आवश्यकता जस्तो बनिसकेको छ तर भ्वाइस सेवाको माग निकै घटेको छ किनभने ह्वाट्सएप, मेसेन्जर र भाइबरजस्ता एपबाट विनाशुल्क छोटोदेखि लामो दूरीमा कुराकानी गर्न र छोटो सन्देश पठाउन सकिन्छ । मोबाइलमा डेटा इन्टरनेटको पहुँच व्यापक बने पनि यसको उपभोग दक्षिण एशियाका अन्य देशको तुलनामा नेपालमा निकै कम रहेको मोबाइल सेवाप्रदायकहरूको भनाइ छ । यही कारण मुलुकका दुई प्रमुख मोबाइल फोन सेवाप्रदायक नेपाल टेलिकम र एनसेलको व्यापार ओरालो लागिरहेको उनीहरूले सार्वजनिक गरेको वित्तीय विवरणमा उल्लेख छ । तर, नियामक निकायले लिने नवीकरण शुल्क र अन्य कर भने यथावत् छ । यसले यी दुवै कम्पनी प्रभावित हुँदा उपभोक्ताले पाउने सेवाको गुणस्तर खस्कन सक्छ र सरकारले पाउने कर पनि कम हुन्छ ।**

**निजीक्षेत्रको दूरसञ्चार कम्पनी एनसेलले अब कम्तीमा १ महीनाको भ्वाइस तथा डेटा सेवा लिनुपर्ने गरी मोबाइल सेवा प्रदान गर्ने तयारी गरेको बताएको छ । केही वर्षयता आय लगातार घट्न थालेपछि उसले छोटो अवधिका १ देखि ३ दिनका सेवाका प्याकेज हटाइसकेको छ । टेलिकम पनि बिस्तारै त्यही बाटोमा जाने देखिन्छ । टेलिकम निकै छिटोछिटो परिवर्तन हुने हो । कुनै नयाँ सेवा थाल्न शुरू गर्दा गर्दै त्यो प्रविधि पुरानो भइसक्छ । त्यसैले यस प्रविधिमा नियमित लगानी अत्यावश्यक हुन्छ । यसका लागि दूरसञ्चार सेवा प्रदायक कम्पनीहरूले पर्याप्त आम्दानी गर्न र प्रविधिमा लगानी गर्न सक्षम हुनुपर्छ । छिमेकी भारत र चीनमा ५जी प्रविधि विस्तार उच्चदरमा बढिरहेका बेला नेपालले भने ४जी प्रविधि पनि देशभरि पुऱ्याउन सकेको छैन । अहिलेको आम्दानीबाट ५जी प्रविधिमा लगानी गर्न नसकिने एननसेलले स्पष्ट पारेको छ । यस्तै हो भने ५जी प्रविधि उपयोगबाट आउने व्यावसायिक अवसरबाट नेपाल वञ्चित हुने निश्चित छ । त्यसैले एनसेलले आय बढाउन कम्तीमा १ महीनाको सब्स्क्रिप्सन गर्नुपर्ने प्रस्ताव विचारणीय छ । भारतका तीन ठूला टेलिकम कम्पनीहरू यस्तै मोडलमा गएर राम्रो आय गर्न सफल भएका छन् जसबाट उनीहरूले ५जी प्रविधिमा पनि लगानी गर्न सक्षम भएका छन् ।**

> **लाइसेन्स नवीकरणकै लागि २० अर्ब रूपैयाँ शुल्क लिनु उपयुक्त देखिंदैन । यस्ता शुल्कमा पुनर्विचार नगर्ने हो भने आम्दानी घटेको अवस्थामा यिनले नयाँ प्रविधिमा लगानी गर्न नसक्ने अवस्था आउन सक्छ ।**

**हो, कुनै बेला टेलिकम क्षेत्र विश्वमै उच्च आय गर्ने सेवा थियो । नेपाल पनि यसको अपवाद थिएन । तर, सरकारी कम्पनीमात्र हुँदा ल्यान्डलाइन टेलिफोन लिन होस् वा मोबाइलको सिम लिन नाम दर्ता गरेर वर्षौं कुनुपर्ने बाध्यता थियो । तर, निजीक्षेत्रको प्रवेशपछि भने सरकारी कम्पनीले पनि तीव्र गतिमा सेवा विस्तार गऱ्यो, शुल्क पनि ज्यादै घट्यो । समयमा क्रममा युटिएल कम्पनी बन्द नै हुन पुग्यो । अहिले एनसेल र नेपाल टेलिकम दुवैको आम्दानी घट्दै गएको छ । यस्तोमा लाइसेन्स नवीकरणकै लागि २० अर्ब रुपैयाँ शुल्क लिनु उपयुक्त देखिंदैन । यस्ता शुल्कमा पनि पुनर्विचार नगर्ने हो भने आम्दानी घटेको अवस्थामा यिनले नयाँ प्रविधिमा लगानी गर्न नसक्ने अवस्था आउन सक्छ ।**

**नियामक दूरसञ्चार प्राधिकरणले ग्रामीण दूरसञ्चार विकास कोषमा सेवाप्रदायकबाट उठाएको अर्बौं रुपैयाँ उद्देश्यअनुसार खर्च गर्न सकेको छैन । तर, सेवाप्रदायकबाट शुल्क भने उठाइरहेको छ । यस्ता विविध शुल्क लगाएर दूरसञ्चार सेवाप्रदायकको लागत बढाउनुअघि नियामकले यस्तो शुल्कको औचित्य पुष्टि गर्न आवश्यक छ । त्यस्तै त्यसले सेवाप्रदायकलाई पर्ने असरमा पनि ध्यान जानु आवश्यक छ ।**

**छोटो अवधिको सेवाको सट्टा लामो अवधिको सेवा दिन नियामकले स्वीकृति दिन तयार भएको देखिन्छ । तर, यहाँनेर के बिर्सनु हुँदैन भने नेपालमा धेरैले इन्टरनेट सेवाप्रदायकबाट नै लिएको इन्टरनेटबाट डेटा चलाउँछन् । यसको सेवा नपुगेको ठाउँमा वा घर/अफिस बाहिर ज्यादै छोटो अवधिका लागि डेटा सेवा लिने गरेका छन् । छोटो अवधिका लागि डेटा नदिने हो भने सेवाग्राही समस्यामा पर्न सक्छन् । त्यसैले लामो अवधिको सेवा दिने हो भने त्यसको शुल्क तुलनात्मक रूपमा सस्तो होस् भन्नेमा पनि ध्यान जानुपर्छ ।**

आर्थिक अभियान

१० वर्षअघिको आर्थिक अभियानबाट

## भारतबाट साढे तीन अर्बको औषधि आयात

चालू आर्थिक वर्ष २०६९/७० को पहिलो ३ महीनामा भारतबाट मात्रै ३ अर्ब ६३ करोड रुपैयाँबराबरको औषधि आयात भएको छ । यो गत आव २०६८/६९ को सोही अवधिको तुलनामा २७ प्रतिशतले बढी हो । गत आवको पहिलो ३ महीनामा २ अर्ब ८५ करोड रुपैयाँबराबरको औषधि आयात भएको नेपाल राष्ट्र बैङ्कको तथ्याङ्कमा उल्लेख छ ।

त्यसैगरी तेस्रो मुलुकबाट चालू आवको पहिलो महीनामा ७१ करोड ४७ लाख रुपैयाँबराबरको औषधि आयात भएको छ । यो गत आवको सोही अवधिको तुलनामा ३२ दशमलव ५ प्रतिशतले बढी हो । गत आवको ३ महीनामा ५३ करोड ७७ लाख रुपैयाँबराबरको औषधि आयात भएको तथ्याङ्कले देखाएको छ । राष्ट्र बैङ्कका अनुसार नेपालमा ८० प्रतिशत औषधि भारतबाट आयात हुँदै आएको छ । भारत तथा तेस्रो मुलुकबाट चालू ३ महीनाको अवधिमा कुल ४ अर्ब ३५ करोड रुपैयाँबराबरको औषधि आयात भएको छ । यो भारत तथा तेस्रो मुलुकबाट गत आवको सोही अवधिको तुलनामा ९५ करोड ८८ लाख रुपैयाँले बढी हो । गत आवको पहिलो त्रैमासमा ३ अर्ब ३९ करोड रुपैयाँबराबरको औषधि आयात भएको थियो ।

**वर्ष ८, अंक ७८, बिहीवार २१ मङ्सिर, २०६९**

# ओझेलमा परेको ग्रेट हिमालयन ट्रेल

## पूर्वाधार निर्माण र प्रवर्द्धनमा बेवास्ता



**यदि ग्रेट हिमालयन ट्रेलमा उपयुक्त पूर्वाधार बनाउन सकियो, उचित प्याकेजको प्रचार गर्न सकियो र उपयुक्त सेवा दिन सकियो भने नेपाललाई विश्वकै शीर्ष साहसिक पर्यटन गन्तव्य भनेर चिनाउन सकिन्छ ।**

**- भीम पन्त**

नेपालको पर्यटन विविधितामय हुन सकेको छैन । हिमाल आरोहण, पदयात्रा, सांस्कृतिक अवलोकन र र प्राकृतिक अवलोकनमा नै नेपालको पर्यटन सीमित छ । त्यसभित्र पनि अनेक उपविधाको सम्भावना छ तर त्यसमा लगानी बढ्न सकेको छैन । ठूला ठूला पूर्वाधार बनाएर पर्यटन प्याकेज ल्याउन सकिएको छैन । साहसिक पर्यटनका लागि थप पूर्वाधार आवश्यक देखिन्छ । त्यसमा फाट्टफुट्ट लगानी त भएको छ तर त्यो अपुग देखिन्छ । खासगरी चिनियाँ पर्यटक लक्षित पूर्वाधारको निकै कमी देखिन्छ । हुन त नेपालको प्रकृति आफै पर्यटनको पूर्वाधार हो भन्ने गरिन्छ । पदयात्राका अनेक गन्तव्य छन् जसमा पटकपटक पर्यटन आइरहन्छन् । त्यसलाई ब्रान्डिङ गर्न आवश्यक छ ।

पदयात्रा नै नेपालको पर्यटनको ठूलो आधार बनिरहेको छ तर पदयात्राका रूटमा जथाभावी सडक खनेर त्यसको मौलिकता बिगार्ने काम भइरहेको छ । नेपालका प्रायः सबै ट्रेकिङ रूट उच्च र उच्चमध्यम खालका 'एडभेन्चर' रूट नै हुन् । माथिल्लो मुस्ताङ, माथिल्लो डोल्पा, कञ्चनजंघाको सेलेले पास, शेर्पेनी कोल, आमा लाप्चा पास, गोक्यो पास, टाशी लाप्चा पास, थोरोङ पास, नार-फु पास, गोसाइँकुण्ड पास, गान्जाला पास, गोक्यो री, नुमाला बगाला पास, शे पास आदि रोमाञ्चक यात्राका लागि प्रख्यात र सुन्दर रूट हुन् ।

तर, तिनमा पनि नेपालको पूर्वपश्चिम भएर फैलिएको लामो समय लाग्ने 'ग्रेट हिमालयन ट्रेल' निकै महत्त्वपूर्ण छ । पर्यटकको बसाइ बढाउन तथा पदयात्राको असली अनुभव गराउन यो रूट निकै सहयोगी हुने देखिन्छ । यो रूटका लागि सरकारले गर्नुपर्ने काम धेरै बाँकी छ । त्यस्तै टुर अपरेटरहरूले पनि यसको प्याकेजको प्रवर्द्धन गर्न नसकेको देखिन्छ । यसको प्रवर्द्धन गर्न विशेष कार्यक्रम र अभियान आवश्यक देखिन्छ । यो रूट पूरा गर्ने पर्यटकलाई सम्मान गर्ने, प्रमाणपत्र दिनेलगायत काम गरेर यसमा पर्यटकलाई आकर्षित गर्न सकिन्छ ।

साथै यसको खण्डखण्ड गरेर पूरा गर्ने गरी पनि प्याकेज बनाउन सकिन्छ । एकदुई वर्षको अन्तरालमा पदयात्रामा निक्लने प्रवृत्ति पदयात्रीहरूको पाइन्छ । तिनलाई खण्डखण्ड गरेर यो ट्रेल पूरा गराउने हो भने पर्यटकको बसाइ अवधि बढाउन सकिन्छ । यसबाट थुप्रै लाभ लिन सकिन्छ ।

हिमालयन ग्रेट ट्रेल मूलतः बहुराष्ट्रिय ट्रेल हो । यो अफगानिस्तान, पाकिस्तान, भारत, नेपाल भुटान हुँदै बर्मासम्म फैलिएको छ । यो पूरै रूटमा हिँड्ने पर्यटक एकाध मात्रै होलान् । नेपालभित्रको खण्ड पूरै यात्रा गर्ने पनि ज्यादै कम छन् । विदेशमा यसको प्रचारै नभएको त होइन । तर, मास पर्यटनलाई यसमा आकर्षित गर्न सकिएको छैन । बढी समय लाग्ने भएकाले र कठिन भएकाले पनि यस्तो भएको हुन सक्छ । तर, विश्वकै उच्च हिमाली क्षेत्रमा गरिने दुर्लभ 'ग्रेट हिमालयन ट्रेल'को रूटमा ट्रेकिङ गरेर फरकफरक अनुभूति र अनुभव लिन सकिन्छ ।

यो विविधताको अनुभूति पर्यटकका लागि निकै रोमाञ्चक हुन सक्छ । त्यसैले यसको व्यापक प्रचारप्रसार गरिनुपर्छ । एकैपटक पूरा गर्न नसक्ने अवस्थालाई दृष्टिगत गरी कठिन र सामान्य खालको गरी खण्डहरू छुट्टयाइएको पनि छ । पदयात्रीहरूले पूर्वी, मध्य, पश्चिम भेग मात्रै पनि पदयात्रा गर्न सक्छन् । त्यसअनुसार प्याकेज बनाएर थप प्रचारप्रसार गर्न जरुरी देखिन्छ । जेहोस् नेपालले दिगो पर्यटन र गुणस्तरीय पर्यटनलाई दृष्टिगत गरी यो रूटको विकासमा थप काम गर्नुपर्ने देखिन्छ ।

ग्रेट हिमालयन ट्रेल विश्वकै लामो पदयात्रा मार्ग हो । उच्च हिमाली भेगमा गरिने यो पदयात्रामा धेरैओटा उच्च हिमाली पास (४,००० मीटरभन्दा धेरै उचाइ काटेर गरिने) पार गर्नुपर्ने हुन्छ । यसमा धेरै देश पर्ने भएकाले सम्बद्ध देश सबै मिलेर काम गर्ने र यो रूट पूरै यात्रा गर्नेलाई यी सबै देश मिलेर सम्मान गर्ने व्यवस्थाका लागि पहल गर्नु आवश्यक छ । नेपाल खण्डमा मात्रै पदयात्रा गर्न ३ महीना लाग्छ भने पूरै रूट तय गर्न निकै बढी समय लाग्छ । यस्तो पदयात्रा त विश्वमै दुर्लभजस्तो हुन्छ । एकैपटकको यात्रामा पूरै ट्रेल पार गर्न त सम्भव नै देखिँदैन । त्यसैले यी देशले संयुक्त रूपमा काम गर्दा राम्रो हुन्छ ।

सरकारले २०११ मा घोषणा गरेको नेपाल भ्रमण वर्षको औपचारिक कार्यक्रमबाट ग्रेट हिमालयन ट्रेलको विकास गर्ने बताएको थियो । घोषणाको १ दशकभन्दा बढी समय भइसक्दा समेत यो परियोजनामा सरकारले पर्याप्त बजेट दिन र योजना बनाउन सकेको छैन । अर्थात् सरकारको आँखामा यो ट्रेल पर्न सकेको छैन अथवा उसले यसको महत्त्व देखेको छैन । बरु यूकेएडको संस्था एसएनभी नेपालले ग्रेट हिमालयन ट्रेलको विषयमा अध्ययन गरेर सरकारलाई सन् २०१४ मा प्रतिवेदन बुझाएको थियो । तर, सरकारले ट्रेल विस्तारमा चासो दिएन । यद्यपि सरकारले आफ्नो कार्यक्रम र बजेटमा यसबारे केही उल्लेख गरेको भने पाइन्छ ।

अहिले ग्रेट हिमालयन ट्रेलको यात्रा गर्ने 'ट्रेन्ड' नै शुरू भएको र पटक-पटक गरेर यो ट्रेल पूरा गर्न पर्यटकले चासो देखाएको पाइन्छ । तर, यस ट्रेकिङ ट्रेलमा पनि सडक खन्ने आदि कार्यबाट मौलिकता बिगार्न थालेको देखिन्छ । खासगरी स्थानीय सरकारलाई यसबारेमा पर्याप्त जानकारी नभएर वा स्थानीय आवश्यकतामात्र हेर्दा ट्रेललाई असर पार्ने काम भएको देखिन्छ । खासगरी गाउँ पालिकाहरूले बाटो बनाउनेलगायतका काम गरेर पदयात्रालाई असर पारेको देखिन्छ । पर्यटनको लाभ ती क्षेत्रले पनि पाउने हुँदा उनीहरूलाई यसबारे सचेत पार्न आवश्यक छ ।

> **पदयात्राका रूट बिग्रन थाले, धूलो र धूवाँ बढ्न थाल्यो र मौलिकता रहेन भने नेपालको पर्यटनले ठूलो क्षति भोग्नुपर्ने हुन्छ । रूबी भ्याली, मनासलु, पश्चिमको सिमकोटतर्फ ट्रेकिङ रूट मासिन थालेका छन् । त्यसैले केन्द्रीय स्तरबाटै सरकारले पदमार्ग जोगाउने नीति लिनुपर्छ ।**

त्यस्तै केन्द्रीय सरकारले पनि केही नीति बनाउन आवश्यक देखिन्छ । यसमा तालुकदार सरकारी निकायले पहल गर्न ढिला गर्नु हुँदैन । पदयात्राका रूट बिग्रन थाले, धूलो र धूवाँ बढ्न थाल्यो र मौलिकता रहेन भने नेपालको पर्यटनले ठूलो क्षति भोग्नुपर्ने हुन्छ । रुबी भ्याली, मनासलु, पश्चिमको सिमकोटतर्फ ट्रेकिङ रूट मासिन थालेका छन् । त्यसैले केन्द्रीयस्तरबाटैसरकारलेगोरेटाबाटोहरूकासाथैपदमार्ग जोगाउने नीति लिनुपर्छ ।

यो ट्रेलमा सुरक्षित र भरपर्दो यात्राका लागि पदमार्गबाहेकका अन्य महत्त्वपूर्ण संरचना पनि बन्नुपर्छ । खोंचहरूमा झोलुंगे पुल, उद्धार केन्द्र, हेलिप्याड, पोर्टर सेन्टर, सूचना पाटी, सञ्चारको पहुँचजस्ता संरचना बनाउनुपर्छ ।

ग्रेट हिमालयन ट्रेल नेपालका हिमालय पर्वतहरूमा फैलिएको एउटा अत्यन्तै चुनौतीपूर्ण र लामो पदयात्रा मार्ग हो । यसमा पर्यटकहरूले नेपालका दुर्गम हिमाली क्षेत्र, अनौठा प्राकृतिक दृश्य, जैविक विविधता र विविध संस्कृतिको समग्र अनुभव गर्न पाउँछन् । ग्रेट हिमालयन ट्रेल विश्वकै सबैभन्दा लामो र साहसिक पदयात्रा ट्रेलमध्ये एक हो । विश्वव्यापी चर्चा जति पाएको छ त्यसको दाँजोमा पर्यटक भने आएका छैनन् । यसो हुनुमा हाम्रै कमजोरी रहेको छ ।

ग्रेट हिमालयन ट्रेललाई दुई प्रमुख खण्डमा विभाजन गरिएको छ : पहिलो हो, उच्च मार्ग । उच्च मार्गमा उच्च हिमाली क्षेत्रमा हिउँ, चट्टान र विभिन्न पास पार गर्दै यात्रा गर्नुपर्छ । यो मार्ग ४,५०० देखि ६,००० मीटरको उचाइमा अवस्थित छ । यसमा कञ्चनजङ्घा, मकालु, एभरेस्ट, अन्नपूर्ण, र डोल्पाजस्ता उच्च हिमाली क्षेत्र पार गर्नुपर्ने हुन्छ । यो मार्ग अत्यन्तै चुनौतीपूर्ण मानिन्छ । त्यसैले जोकोहीको रोजाइमा यो क्षेत्र पर्दैन । शारीरिक रूपमा सक्षम तथा अनुभवी पदयात्रीहरूले मात्रै यो यात्रा गर्न सक्छन् । दोस्रो हो : निम्न मार्ग । निम्न मार्ग समुद्री सतहदेखि करीब १,५०० देखि ३,००० मीटर उचाइमा हुन्छ र पदयात्रीलाई ग्रामीण जनजीवनसँग घुलमिल गर्ने अवसर प्रदान गर्छ । कञ्चनजङ्घा क्षेत्र, मकालु वरुण क्षेत्र, सगरमाथा क्षेत्र, अन्नपूर्ण र मनाङ क्षेत्र, डोल्पा क्षेत्र, हुम्ला र पश्चिमी नेपाल क्षेत्र गरी ग्रेट हिमालयन ट्रेललाई विभिन्न क्षेत्रमा विभाजन गरिएको छ । नेपाल खण्डमा ग्रेट हिमालयन ट्रेलको अन्तिम भाग हुम्ला र पश्चिमी नेपाल हो ।

ग्रेट हिमालयन ट्रेल नेपालका हिमालय क्षेत्रको सौन्दर्य, जैविक विविधता र सांस्कृतिक सम्पदाको अनुभव गराउने एक अद्वितीय पदयात्रा मार्ग हो । नेपालको पर्यटन क्षेत्रमा यसले ठूलो योगदान पुऱ्याउन सक्छ भने स्थानीय जनजीवनमा पनि सकारात्मक प्रभाव पार्न सक्छ । तर, धेरै पर्यटकलाई यस रूटमा लान सकिएको छैन ।

पर्यावरणीय सन्तुलन कायम राख्दै, सुरक्षित र व्यवस्थित पर्यटन प्रवर्द्धन गरी यसलाई दीर्घकालीन रूपमा सञ्चालन गर्न नेपाल सरकारले विशेष नीति र योजना ल्याउन आवश्यक छ । यदि ग्रेट हिमालयन ट्रेलमा उपयुक्त पूर्वाधार बनाउन सकियो, उचित प्याकेजको प्रचार गर्न सकियो र उपयुक्त सेवा दिन सकियो भने नेपाललाई विश्वकै शीर्ष साहसिक पर्यटन गन्तव्य भनेर चिनाउन सकिन्छ । पदयात्रामा अहिले नेपालको जुन चिनारी छ त्यसलाई यसले अझ बढी स्थापित गर्नेछ ।

*लेखक पर्यटन व्यवसायी हुन् ।*

करका कुरा

# कर प्रयोजनको दीर्घकालीन करार



**दीर्घकालीन करारको आम्दानी र खर्च पुस्त्याइँ गर्ने कागजात अन्य व्यवसाय वा लगानीमा जस्तै आयवर्ष समाप्त भएको ५ वर्षसम्म सुरक्षित राख्न अनिवार्य छ । साथै, दीर्घकालीन करारको आय विवरण सोही प्रयोजनको अनुसूचीको तोकिएको ढाँचामा पेश गर्नुपर्छ ।**

**- तुलसी काफ्ले**

सामान्यतया दुई वा दुईभन्दा बढी पक्षहरूका बीच कुनै काम गर्न वा नगर्नका लागि गरिएको मन्जुरीलाई करार भनिन्छ । मुलुकी देवानी संहितामा अन्य किसिमको करारको व्यवस्था भए पनि दीर्घकालीन करारको सम्बन्धमा छुट्टै व्यवस्था छैन । नेपाल लेखामानले निर्माणसम्बन्धी करारको परिभाषामा 'निर्माण ठेक्का भनेको निर्माणको लागि विशेष रूपमा गरिएको सम्झौता' भन्ने व्यवस्था गरेको छ । जसले सम्पत्तिको संयोजन, डिजाइन, प्रविधिजस्ता कार्यहरूलाई समेटेको छ ।

निर्माणसम्बन्धी दीर्घकालीन करार भने सार्वजनिक खरीद ऐनको सीमामा रही तर्जुमा गरिन्छ । आयकर प्रयोजनमा दीर्घकालीन करार भन्नले उत्पादन, निर्माण, जडान वा सोसँग सम्बद्ध सेवाको सम्बन्धमा गरिएको करारलाई बुझाउँछ । आय, खर्च र कर दाखिलालाई लेखा (हिसाब) मा कसरी समावेश गर्ने भन्नेजस्ता कुरालाई त्यस्तो दीर्घकालीन करारबाट सरकारले प्राप्त गर्नुपर्ने कर प्राप्त भएको वा नियोजन (घटाउने काम) भएको छ, छैन भनेर हेर्ने कानूनी संयन्त्र मिलाइएको हुन्छ ।

अब सवाल आउँछ कि, कर प्रयोजनमा के कस्ता प्रकृतिका करार दीर्घकालीन हुन्छन् । कर कानूनले करारको बहाली अवधि वा करारअन्तर्गत गर्नुपर्ने कार्य सम्पन्न गर्ने अवधि १२ महीनाभन्दा बढी भए दीर्घकालीन करार हुने व्यवस्था गरेको छ । तर पनि करारका दुवै पक्षले त्यस्तो काम सम्पन्न गर्न १२ महीना भन्दा बढी लाग्ने भनी स्वीकार गरेको अवस्थामा दीर्घकालीन करार भएको मानिन्छ । कतिपय करार १ वर्षभन्दा बढी समयमा कुनै प्रतिफल (लाभ) प्राप्त हुने भए पनि त्यस्ता प्रतिफल विलम्बित (ढिलो लाभ प्राप्ति) हुने दीर्घकालीन करारको जस्तो चरित्र देखाउने करार भने दीर्घकालीन करारअन्तर्गत पर्दैन । यसमा सेयरको मुनाफामा सहभागी हुने, अवकाश योगदान वा लगानी बीमा जस्ता काम कारोबारबाट हुने लाभहरू पर्न आउँछन् ।

दीर्घकालीन करारमा ग्यारेन्टी वा वारेन्टीका शर्त समावेश रहेको भए सो ग्यारेन्टी वा वारेन्टीको अवधि समेतलाई करारको बहाल अवधि मान्नुपर्ने आयकर (२०.१.४,पृ.४०८) निर्देशिकाले थप स्पष्ट गरेकोछ । मानौं, कुनै करारको सम्पन्न हुने अवधि १० महीनाको रहेछ । तर, करारको ग्यारेन्टी तथा वारेन्टी अवधि थप ८ महीनाको रहेछ भने त्यस्तो करार दीर्घकालीन करार मानिन्छ ।

उदाहरण: 'क' ले ५०० ओटा बिजुलीको पोलमा रङ्ग लगाउने ठेक्का प्राप्त गरेकोमा उक्त करारमा रङ्ग लगाउने अवधि १० महीना र रङ्ग फिक्का नहुने वा नउड्ने थप वारेन्टी अवधि थप ८ महीना भए त्यस्तो करारलाई दिर्घकालीन करार भनिन्छ । एक वर्षभन्दा कम समय लाग्ने तर सो भन्दा बढी समयमा सम्पन्न हुने भनी गलत मनसाय राखी गरेको करारलाई कर अधिकृतले दीर्घकालीन करार वा अन्य करारका रूपमा चारित्रीकरण गरी कर निर्धारण गर्न सक्छ । कतिपय अवस्थाका दीर्घकालीन करार वा त्यस्तो करारअन्तर्गत पर्ने भए पनि दीर्घकालीनको समग्र किस्ता रकम ७ हजार ५ सय रुपैयाँभन्दा कम रहेको व्यक्तिको हकमा दीर्घकालीन करारका हकमा लागू हुने व्यवस्था क्रियाशील हुँदैन ।

> **कर कानूनले करारको बहाली अवधि वा करारअन्तर्गत गर्नुपर्ने कार्य सम्पन्न गर्ने अवधि १२ महीनाभन्दा बढी भए दीर्घकालीन करार हुने व्यवस्था गरेको छ । तर पनि करारका दुवै पक्षले त्यस्तो काम सम्पन्न गर्न १२ महीनाभन्दा बढी लाग्ने भनी स्वीकार गरेको अवस्थामा दीर्घकालीन करार भएको मानिन्छ ।**

कुनै पनि दीर्घकालीन करारको कुल अनुमानित लागत करार वा सम्झौतामा नै उल्लेख हुने र 'भेरिएशन अर्डर' थपघट भएमा बाहेक कुल अनुमानित लागत अपरिवर्तनीय हुने हुँदा सो रकम स्थिर रहन्छ । अन्य कारोबार जस्तो विक्री बीजकका आधारमा दीर्घकालीन करारको आयको निर्धारण नहुने भएकाले दीर्घकालीन करारको कुनै समयको आय भन्नुको अर्थ सो समयमा सो करारको सम्पन्न प्रतिशत भन्ने हुन्छ । तर, यस किसिमको सम्पन्न प्रतिशतले हुन आउने रकम करारको अनुमानित आय मात्र हुने भएकाले त्यस्तो आय उक्त करारको वास्तविक आय नहुन सक्ने भएकाले शुरू आयवर्षदेखि आयोजनाको चालू आयवर्षसम्मको सम्पूर्ण आय समावेश गरी कुल आयलाई क्रमबद्ध वृद्धिको योगअनुसार आयमा समावेश गरिन्छ ।

दीर्घकालीन करारको लागत बढेमा त्यसरी बढेको लागतबापतको रकमको शोधभर्ना पाएमा त्यसरी शोधभर्नाबापत प्राप्त भएको रकम सोही आयोजनाको सिलसिलामा प्राप्त पुरस्कार, बीमाको क्षतिपूर्ति वा प्रोत्साहनजस्ता रकमलाई पनि दीर्घकालीन करारको आयमा समावेश गरिन्छ । उदाहरण: 'ख' भन्ने विद्युत् आयोजनाको निर्माण सम्पन्न हुने समय २०८० साल माघ मसान्त भनी करारमा उल्लेख भएको रहेछ । सो अवधि अघि नै आयोजना सम्पन्न गरेमा निर्माण गर्ने ठेकेदारले १० प्रतिशत प्रोत्साहन रकम पाउने भन्ने व्यवस्था रहेछ ।

उक्त आयोजना तोकिएको समयअगावै अर्थात् २०८० साल कात्तिकभित्रै सम्पन्न गरेको रहेछ भने ठेकेदारले प्राप्त गर्ने रकम २ करोड रहेछ । उक्त २ करोडको दस प्रतिशतले हुने प्रोत्साहन बापत २० लाख रुपैयाँ पनि सोही दीर्घकालीन करारको आयमा समावेश गर्नुपर्छ । तर, दीर्घकालीन करारमा संलग्न रहेको व्यक्तिलाई सो करारमा संलग्न रहेको कारणले सो करारको कार्यसम्पादनसँग सम्बन्ध नरहेको कुनै सम्पत्तिको विक्रीबापत प्राप्त भएको आय, व्यावसायिक सम्पत्ति वा दायित्वको निःसर्गबाट प्राप्त आय, करारको सन्दर्भमा बाहेक कुनै व्यक्तिलाई प्रदान गरिएको सेवाबापतको आय, कुनै सम्पत्ति बहालमा दिएकोमा सोबापत प्राप्त भएको आयजस्ता रकमलाई दीर्घकालीन करारको आयमा समावेश गर्नु पर्दैन ।

धेरैओटा दीर्घकालीन करार सञ्चालन गर्नेले प्रत्येक दीर्घकालीन करारको आय र खर्चलाई अलगअलग रूपमा गणना गर्नुपर्छ । 'क' भन्ने निर्माणसम्बन्धी काम गर्ने कम्पनीले सुरुङ निर्माण गर्न र उक्त सुरुङ निर्माण स्थलसम्म पुग्न सडक निर्माण गर्ने कामको फरकफरक प्रस्ताव लागत अनुमान गरी फरकफरक कार्य गरेकोमा सडक निर्माण र सुरुङ निर्माण गर्ने कार्य एकआपसमा अन्तरसम्बद्ध भए पनि ती कामको जिम्मा लिन ठेकेदार एउटै व्यक्ति 'क' रहेको र ती दुवै काम गर्ने एउटै करार भए पनि दुवै कार्यको लागि फरकफरक प्रस्ताव गरिएको भए फरकफरक दीर्घकालीन करारअन्तर्गतको कार्य मानी बेग्लाबेग्लै आय विवरण दाखिला गर्नुपर्छ ।

अन्तरराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गरी दीर्घकालीन करार पूरा भएको वा अन्य कुनै रूपमा निःसर्ग गरिएको आयवर्षमा नोक्सानी बेहोर्नु परेमा जिम्मेवारी सारी आगामी वर्षमा ल्याउन पाउने कुनै कट्टी हुन नपाएको नोक्सानी दीर्घकालीन करारसँग सम्बद्ध भएमा विभागले लिखित सूचना दिएर त्यस्तो नोक्सानी विगत वर्षको आय वा वर्षहरूमा पछाडि सारी लैजान पाउने गरी अनुमति दिन सक्नेछ ।

दीर्घकालीन करारको आय विवरणमा अन्यथा भई सच्याउन चाहेमा अन्य व्यवसायसरह मानी आय विवरण सच्याउन सकिन्छ । दीर्घकालीन करारको आम्दानी र खर्च पुस्टयाइँ गर्ने कागजात अन्य व्यवसाय वा लगानीमा जस्तै आयवर्ष समाप्त भएको ५ वर्षसम्म सुरक्षित राख्न अनिवार्य छ । यस अलावा दीर्घकालीन करारको आय विवरण सोही प्रयोजनको अनुसूचीको तोकिएको ढाँचामा पेश गर्नुपर्छ ।

*लेखक कर तथा वाणिज्य कानून क्षेत्रमा विज्ञ अधिवक्ता हुन् । लेखकलाई* ***tulasikafle@yahoo.com*** *मा सम्पर्क गर्न सकिन्छ ।*

**जानकारी**

**आदरणीय पाठकवर्ग**

**यस आर्थिक दैनिकको 'दृष्टिकोण' पृष्ठमा हरेक आइतवार 'करका कुरा' नियमित स्तम्भ प्रकाशित हुन थालेको छ । यदि तपाईँसँग करसम्बन्धी कुनै जिज्ञासा र समस्या छन् भने हामीलाई abhiyaanoped@gmail.com मा सम्पर्क गर्न सक्नुहुन्छ । त्यससम्बन्धी जवाफ स्तम्भकार काफ्लेले दिनुहुनेछ । -सम्पादक**

# पुस अन्तिम सातादेखि पेट्रोल र मट्टितेल पनि पाइपलाइनबाटै आयात

काठमाडौं । नेपाल आयल निगमले यही पुस अन्तिम सातादेखि भारतको मोतिहारीदेखि पाइप लाइनबाट डिजेलसँगै पेट्रोल र मट्टितेल पनि ल्याउने तयारी गरेको छ । निगमले २०७६ सालदेखि पाइप लाइनमार्फत मोतिहारीदेखि अमलेखगञ्जसम्म डिजेल आयात गरिरहेको छ । पेट्रोल, डिजेल र मट्टितेल आयात गर्न सकिने गरी निर्माण गरिएको 'मल्टी प्रोडक्ट पाइपलाइन'बाट पेट्रोल र मट्टितेल ल्याउने काम अन्तिम चरणमा पुगेको निगमको मधेश प्रादेशिक कार्यालयका प्रमुख प्रलयंकर आचार्यले जानकारी दिए । निगमले परियोजनाको दोस्रो चरणअन्तर्गत पाइप लाइनबाट पेट्रोल र मट्टितेल ल्याउने कामको परीक्षण सफल गरिसकेको छ ।

प्रमुख आचार्य भन्छन्, 'पाइप लाइनबाट परीक्षणका रूपमा पेट्रोल र मट्टितेल अमलेखगञ्ज ल्याएका छौं । भण्डारणका लागि डिपोभित्र नयाँ पाइपलाइन र ट्यांक निर्माण भएको छ । हाल ती संरचनामा चार्ज गर्ने र मिटरको गुणस्तर परीक्षणको काम भइरहेको छ ।' निगमले पाइल पाइनबाट गत असोज १८ गते ५ हजार ५०० किलोलिटर पेट्रोल र गत मङ्सिर २६ गते १ हजार किलोलिटर मट्टितेल अमलेखगञ्ज झारेको थियो । अब निरन्तर पाइप लाइनबाट डिजेलका साथै पेट्रोल र मट्टितेल ल्याउन सक्ने स्थितिमा निगम पुगेको छ । पेट्रोलियम पदार्थको संवेदनशीलतालाई मध्यनजर गर्दै हाल विस्तृत परीक्षणको काम भइरहेको छ ।

'स-साना लिकेज हुन सक्छ कि भनेर सुक्ष्म रूपमा निगरानी गरिरहेका छौं । यसै महीनाको अन्तिम साता पाइपलाइन परियोजनाको दोस्रो चरणको काम उद्घाटन गर्ने योजना छ । यसपछि क्रमशः पाइपलाइनबाट पेट्रोल र मट्टितेल अमलेखगञ्ज आउनेछ,' कार्यालय प्रमुख आचार्यले भने, 'ट्रक ट्यांकरको तुलनामा पाइप लाइनबाट पेट्रोलियम पदार्थको आयात गर्नु धेरै नै सुरक्षित मानिन्छ । पाइप लाइनबाट इन्धन आउन थालेपछि ट्रक, ट्यांकर दुर्घटना, इन्धन चोरी तथा मिसावट र वातावरणीय प्रदूषणलगायत समस्याको अन्त्य हुनेछ ।'



२४ ओटा लोडिङ–वेमा पेट्रोल र डिजल ट्यांकर भर्नका लागि टप फिलिङ र बटम फिलिङको व्यवस्था गरिएको छ ।

पाइप लाइनबाट दैनिक ६ हजार किलोलिटर पेट्रोलियम पदार्थ अमलेखगञ्ज ल्याउन सकिन्छ । तर, पेट्रोलियम पदार्थको माग नबढेकाले पूर्ण क्षमतामा पाइप लाइन सञ्चालन हुने अवस्था भने बनेको छैन । 'दैनिक ६ हजार किलोलिटर पेट्रोलियम पदार्थ आयत गर्नुपर्ने अवस्थामा निगम पुगेको छैन,' प्रमुख आचार्यले भने, 'डिजेल, पेट्रोल र मट्टितेल पाइप लाइनबाटै आयात हुन थालेपछि भने पूर्ण क्षमतामा सञ्चालन हुन सक्छ ।'

यसलाई दक्षिण एशियाको पहिलो अन्तरदेशीय पाइपलाइन परियोजना भनिएको छ, जसको कुल लम्बाइ ६९ दशमलव २ किलोमिटर रहेको छ । यसमध्ये भारततर्फ ३३ किलोमिटर र नेपालतर्फ ३६ दशमलव २ किलोमिटर रहेको छ । २०७६ भदौ २४ गते तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र उहाँका भारतीय समकक्षी नरेन्द्र मोदीबाट यो परियोजनाको संयुक्त रूपमा उद्घाटन भएको थियो ।

निगमको मधेश प्रादेशिक डिपो अमलेखगञ्जबाट विराटनगर, भैरहवा, थानकोट, पोखरा, वीरगञ्ज, जनकपुर स्थित डिपोमा इन्धन आपूर्ति हुँदै आएको छ । अमलेखगञ्जबाट स्थानीयस्तरका पम्पका लागि पनि पेट्रोलिमय पदार्थ विक्रीवितरण हुँदै आएको छ ।

### पूर्ण 'अटोमेसन'मा अमलेखगञ्ज डिपो

करीब ५ दशकदेखि सञ्चालित अमलेखगञ्ज डिपो पूर्ण अटोमेसनमा जाँदै छ । पाइप लाइन परियोजनाको दोस्रो चरणअन्तर्गत डिपोमा पेट्रोल, डिजेल र मट्टिटेल भण्डारणका लागि चार वटा नयाँ 'भर्टिकल ट्यांक' निर्माण गरिएका छन् । पाइप लाइनबाट ल्याइएको पेट्रोलियम पदार्थको शुद्धता कायम राख्न दुई ओटा 'ट्रान्समिक्स ट्र्यांक' र अग्नि नियन्त्रण प्रणालीको व्यवस्था गरिएको छ ।

ट्रक ट्यांकरमा इन्धन भर्न थप २४ वटा पूर्णस्वचालित लोडिङ-वे, अत्याधुनिक प्रयोगशालालगायत संरचना निर्माण गरी परीक्षण सम्पन्न गरिएको परियोजनाका इन्जिनियर प्रशान्त भट्टराईले जानकारी दिए । '२४ ओटा लोडिङ-वेमा पेट्रोल र डिजल ट्यांकर भर्नका लागि टप फिलिङ र बटम फिलिङको व्यवस्था गरिएको छ,' उनले भने, 'भण्डारण ट्यांक र नयाँ लोडिङ-वे करीब ८०० मिटरको अन्तरमा छ, यसले डिपोलाई झन् सुरक्षित बनाएको छ ।'

मुलुकमा पेट्रोलियम पदार्थको सहज आपूर्ति र वितरण प्रणालीलाई सुनिश्चित गर्न २०३० सालमा अमलेखगञ्ज डिपोको निर्माण शुरू गरिएको थियो । ६७ हजार ७२४ वर्गमिटरमा फैलिएको सो डिपो निर्माण सम्पन्न गरी २०३३ माघबाट सञ्चालनमा आएको थियो । यो देशकै सबैभन्दा ठूलो डिपो हो ।

अमलेखगञ्जस्थित डिपोमा हाल १५ हजार ११० किलोलिटर पेट्रोल, २४ हजार ८१० किलोलिटर डिजेल र २ हजार २७० किलोलिटर मट्टितेल भण्डारण क्षमता छ । सरकारले सातै प्रदेशमा कम्तीमा ३ महीनाको माग धान्न सक्ने गरी भण्डारण क्षमता विस्तारको योजना अघि सारेको छ । सोही योजनाअनुसार निगमले हाल विभिन्न प्रदेशमा भण्डारण क्षमता विस्तारका कार्यक्रम अघि बढाइरहेको छ ।

### अमलेखगञ्ज–लोथर पाइप लाइन विस्तार छिट्टै

पाइप लाइन परियोजनाको तेस्रो चरणअन्तर्गत अमलेखगञ्जदेखि चितवनको लोथरसम्म पाइप लाइन विस्तार गर्ने योजना कार्यान्वयनका क्रममा छ ।

लोथरसम्म पेट्रोलियम पाइप लाइन विस्तार परियोजनामा सहयोग गर्न इन्डियन आयल कर्पोरेशनको विज्ञ टोली नेपाल आएको छ । 'परियोजना विस्तारका लागि पुनः सर्भे हुनुपर्ने देखिएको छ, पाइपलाइन जाने मार्गमा रहेका वन र आरक्ष क्षेत्रका बारेमा पनि अध्ययन भइरहेको छ,' प्रमुख आचार्यले भने, 'सम्भवतः अर्को महीनादेखि लोथरसम्म पाइपलाइन विस्तार परियोजनाको काम अघि बढ्छ ।' *रासस*


## श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि. को तिसौं साधारणसभा बस्ने सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८१/०९/०७)**

यस श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स क. लि. को मिति २०८१ पौष ५ गते शुक्रवारका दिन बसेको सञ्चालक समितिको ३५१औं बैठकको निर्णय अनुसार निम्न मिति, स्थान र समयमा देहायका प्रस्तावहरु उपर छलफल गरि पारित गर्नका लागी कम्पनीको ३०औं वार्षिक साधारणसभा बस्ने भएको हुंदा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**१. साधारणसभा बस्ने :**
मिति : बि.स. २०८१ साल पौष २९ गते सोमवार (तदनुसार जनवरी १३, २०२५ ई.सं.) ।
स्थान : श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स क लि.को रजिष्टर्ड कार्यालय, डिल्लीबजार, काठमाडौं
समय : बिहान १०.०० बजे ।

**२. छलफलका बिषयहरु :**

**क. साधारण प्रस्ताव**
१. अध्यक्षज्यूको मन्तव्य तथा सञ्चालक समितिको आ.ब. २०८०/८१ को प्रतिवेदन छलफल गरि पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक बर्ष २०८०/८१ आषाढ मसान्तको बासलात तथा सोही आ.व.सम्मको नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायत वार्षिक वित्तीय विवरणसंग सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।
३. लेखापरीक्षण समितिको सिफारिश बमोजिम आ.व.२०८१/८२ को लागी लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक अनुमोदन गर्ने । (PKF T.R. Upadhya & Co. पुनः नियुक्तीको लागि योग्य हुनुहुन्छ । )
४. सञ्चालक समितिले प्रस्ताव गरे अनुरुप बोनस शेयर वितरण गर्दा लाग्ने कर प्रयोजनकालागि ०.०९८२% (Approx) ले हुन आउने रु.९,६४,०४२/११ (अक्षरेपी नौ लाख चौसठ्ठी हजार बयालिस पैसा ११/१०० मात्र) बराबरको नगद लाभांश वितरण गर्न स्वीकृति प्रदान गर्ने ।
५. सञ्चालक समितिको निर्णयानुसार संस्थापक समूह तर्फ रिक्त रहेको १ जना सञ्चालकको पदमा बाँकी अवधिका लागि गरिएको नियुक्तीको अनुमोदन गर्ने ।

**ख. विशेष प्रस्ताव**
१. सञ्चालक समितिले प्रस्ताव गरे अनुरुप हालको चुक्ता पूँजीको १.८६५९% (Approx) ले हुन आउने रु. १,८३,१६,८००/- (अक्षरेपी एक करोड त्रियासी लाख सोह्र हजार आठ सय मात्र) बराबरको बोनश शेयर वितरण गर्न स्वीकृत प्रदान गर्ने,
२. बोनश शेयर वितरण पश्चात कम्पनीको प्रवन्धपत्रको सम्बन्धित दफामा संशोधन गर्नु पर्ने भएकोले निम्न बमोजिम गर्न स्विकृति प्रदान गर्ने ।

**प्रवन्धपत्र दफा ५**
ख. वित्तीय संस्थाको जारी पुंजी रु. १००,००,००,०००।- (अक्षरेपी एक अर्ब मात्र) हुनेछ । सो पुंजीलाई प्रति शेयर रु १००।- दरका १००,००,००० (एक करोड ) थान साधारण शेयरमा विभाजन गरिएको छ ।
ग. वित्तीय संस्थाको चुक्ता पुंजी रु. १००,००,००,०००/- (अक्षरेपी एक अर्ब मात्र ) हुनेछ ।
कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्न तथा नियमनकारी निकायबाट कुनै फेरबदलको सुझाव भएमा तदनुसार समावेस गरि संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध ।**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**साधारणसभा सम्वन्धि सामान्य जानकारी**
१. कम्पनीको तिसौं वार्षिक साधारणसभा प्रयोजनकालागि मिति २०८१/०९/१९ गते शुक्रवार एक दिन कम्पनीको शेयर दाखिल खारेजको काम बन्द (Book Closure) रहने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ । उक्त दिन भन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीले सभामा सहभागि हुन तथा कम्पनीबाट वितरित लाभांश पाउनु हुनेछ ।
२. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका विहान ९:०० बजे देखि सभा चालु रहेसम्म खुल्ला रहनेछ ।
३. साधारणसभामा भाग लिन र मतदान गर्नकालागी प्रोक्सी ल्याउने व्यक्ति यस कम्पनीको शेयरधनी मध्येबाटै हुनु पर्नेछ । प्रोक्सी (प्रतिनिधीपत्र) साधारणसभा हुनुभन्दा ७२ घण्टा अगावै कम्पनीको केन्द्रीय कार्यालयमा दाखिल भई सकेको हुनु पर्नेछ ।
४. कुनै ब्यक्तिले एक भन्दा बढी ब्यक्तिलाई प्रोक्सी दिएको भए रितपूर्वकको पहिलो दर्ता हुन आएको प्रोक्सी सदर गरी अरु प्रोक्सी रद्द हुनेछ, साथै प्रतिनिधी नियुक्त गरी सक्नु भएको शेयरधनी साधारणसभामा आफै उपस्थित भए निजले दिएको प्रोक्सी (प्रतिनिधीपत्र) स्वतः बदर हुनेछ ।
५. छलफलको बिषय अन्तर्गत विविध शिर्षक सम्बन्धमा शेयरधनी महानुभावहरुले छलफल गर्न चाहनु भएको बिषयबारे साधारणसभा हुनुभन्दा कम्तिमा सात दिन पहिले कम्पनीको केन्द्रीय कार्यालय, कम्पनी सचिव मार्फत लिखित रुपमा जानकारी दिनु पर्नेछ ।
६. शेयरधनीहरुबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यू वा उहांबाट अनुमति प्राप्त ब्यक्तिले जवाफ दिनु हुनेछ ।
७. अन्य आवश्यक जानकारीको लागि यस कम्पनीको केन्द्रीय कार्यालय, डिल्लीबजार काठमाडौंमा सम्पर्क राख्न हुन अनुरोध गरिन्छ ।

**द्रष्टव्य** : कम्पनी ऐन २०६३ अनुसारको वार्षिक आर्थिक विवरण, संक्षिप्त वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन शेयरधनीहरुले निरीक्षण गर्न वा प्राप्त गर्न चाहनु भएमा कम्पनीको केन्द्रीय कार्यालयबाट उपलब्ध गराउन सकिने लगायत कम्पनीको वेभसाइट मा समेत राखिएको जानकारी गराईन्छ ।

**श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि.**
डिल्लीबजार, गुरुजुको चौर, पो.ब.नं.:- १०७१७, काठमाडौं ।
फोन: ४४२२०३८, ४४२६१४६, ४४१५३४४, फ्याक्स: ९७७-१-४४२१७७९, E-mail: info@shreefinance.com.np


बाँकी पृष्ठ १ बाट ...

### १० ठूला ...

प्रारम्भिक छनोटमा परेका कम्पनीहरूलाई आर्थिक प्रस्ताव पेश गर्न शुरूमा असार २२ गतेसम्म दिएको थियो । उक्त मितिभित्र कुनै पनि कम्पनीको प्रस्ताव नपरेपछि राष्ट्र बैंकले दुईपटक समयसीमा थप गर्दै साउन २१ गतेसम्म दिएको थियो । अन्तिम समयमा केपीएमजी अस्योरेन्स एन्ड कन्सल्टिङ सर्भिसले मात्र प्रस्ताव पेश गरेकोमा लागत अनुमान बजेटभन्दा बढी रकमको प्रस्ताव परेपछि रद्द भएको हो ।

राष्ट्र बैंकको तथ्यांकअनुसार गत आर्थिक वर्षको असारसम्ममा १९ ओटा वाणिज्य बैंकहरूको कुल कर्जा प्रवाह ४५ खर्ब ६९ अर्ब रुपैयाँ पुगेको छ, जसमा धेरै कर्जा प्रवाह गर्ने १० ओटा बैंक छनोट गर्दा २८ अर्ब ९६ करोड रुपैयाँको गुणस्तर परीक्षण हुनेछ । यसमार्फत वाणिज्य बैंकहरूको कुल कर्जामध्ये ६३ प्रतिशतको परीक्षण हुने राष्ट्र बैंकले बताएको छ ।

कर्जाको गुणस्तर परीक्षण गर्दा बैंकहरूको कर्जा नीति र प्रक्रिया, कर्जाको गुणस्तर, धितो मूल्यांकन र कार्यान्वयनजस्ता विषयलाई आधार बनाउनुपर्नेछ । परामर्शदाता कम्पनीहरूले सम्झौता भएको ५ महीनाभित्र काम सक्नुपर्ने राष्ट्र बैंकको प्रस्तावमा उल्लेख छ ।

### कैलाश मानसरोवर ...

नेपालबाट कैलाश मानसरोवर जान तीनओटा रूट बढी प्रचलनमा छन् । एउटा नेपालगञ्ज हुँदै हुम्ला-सिमिकोट हुँदै जाने रूट हो । भारतीयका लागि कैलाश मानसरोवर प्रवेश खुला हुँदा नेपालगञ्जका होटलहरूले राम्रो व्यवसाय पाएका थिए । नेपालगञ्जबाट हेलिकोप्टरमा हुम्लाको हिल्सा जाने र त्यहाँबाट कैलाश पुग्ने गरी भारतीयहरू जाने गर्छन् ।

दोस्रो रूट रसुवागढी नाका हो । कैलाश मानसरोवर जानका लागि नेपाल आउनेमध्ये ५० प्रतिशतले यो रूट प्रयोग गर्ने व्यवसायी बताउँछन् । तेस्रो भनेको ल्हासामा जहाजमा गई मानसरोवर पुग्ने हो ।

कैलाश दर्शनमा जाने पर्यटकलाई लक्ष्य गरेर नेपालगञ्ज, हुम्ला, हिल्सा, रसुवागढीमा पर्यटकीय स्तरका होटेल खुलेका छन् । अहिले विदेशी र नेपालीहरू गइरहेका छन् । कोरोना महामारी शुरू हुनुअघि कैलाश मानसरोवर यात्राका लागि हरेक सिजनमा आउने भारतीयको संख्या क्रमशः बढिरहेको थियो ।

सन् २०१९ मा १८ हजारभन्दा बढी भारतीय धार्मिक पर्यटक नेपाल हुँदै कैलाश मानसरोवर गएको व्यवसायी बताउँछन् । भारतीयका लागि कैलाश प्रवेश निषेध हुँदा गत जनवरीमा श्री एयरलाइन्सले भारतको टेम्पल टप ग्रूप, सिद्धार्थ होलिडेज ग्रूप, नेपालगञ्ज र पाथिल होलिडेजसँग मिलेर कैलाश मानसरोवरको माउन्टेन फ्लाइट गराउने प्याकेज ल्याएको थियो ।

सन् २०२५ को सिजनमा भारतीयलाई दर्शन खुला भए २५ हजारभन्दा बढी भारतीय पर्यटक नेपाल हुँदै कैलाश जाने निश्चित रहेको व्यवसायी बताउँछन् । भारतीयलाई कैलाश मानसरोवर खुला नभए पनि नेपाली र अन्य देशका नागरिकका लागि भने चीनले खुला नै राखेको छ । केही वर्षयता नेपालीहरू पनि ठूलो संख्यामा जान थालेको पर्यटन व्यवसायीको भनाइ छ । ट्राभल एजेन्सीहरूले सन् २०२५ को लागि धार्मिक पर्यटकको बुकिङ शुरू गरिसकेका छन् ।

सन् २०२५ का लागि ट्राभल्स कम्पनीहरूले बुकिङ खुला गरिसकेका छन् । उक्त क्षेत्र केन्द्रित रहेर टुर एन्ड ट्राभल्स व्यवसाय सञ्चालन गर्दै आएका समग्र कम्पनीहरूले अहिले २ हजार ५०० जनाभन्दा बढीको बुकिङ गरिसकेको फिस्टेल टुर्स एन्ड ट्राभल प्रालिका प्रबन्ध निर्देशक नारायणप्रसाद पोखरेलले बताए ।

कैलाश मानसरोवर यात्राको व्यवस्थापन गर्दै आएको उक्त कम्पनीका अनुसार सन् २०२४ को सिजनमा भारतीय गैरआवासीय नागरिकको बाहुल्य रहेका अमेरिका, बेलायत, मलेशिया, सिंगापुरबाट उल्लेख्य संख्यामा कैलाश यात्राका लागि पर्यटक आएका थिए ।

उनी भारतीयहरूका लागि कैलाश मानसरोवर खुला भयो भनेर औपचारिक जानकारी आइनसकेको बताउँछन् । तिब्बत सरकारले सिजन आउनासाथ नेपालका कम्पनीलाई जानकारी दिने गरेकोमा यसपटक अहिलेसम्म जानकारी नगराएको उनले बताए ।

सन् २०२५ को सिजनका लागि अझै समय रहेको भन्दै उनले भारतीयका लागि पनि कैलाश खुला गर्नेमा आशावादी रहेको उल्लेख गरे । 'जब तिब्बत तथा चीनको सम्बद्ध निकायले भारतीयको कैलाश यात्रा खुला गर्छ, तब मात्रै भारतीय श्रद्धालुका लागि बुकिङ खुला गरिनेछ,' पोखरेलले भने, 'भारतीयका लागि खुला नहुँदासम्म उनीहरूलाई लक्षित गरेर बुकिङ खुला गर्दैनौं, किनभने बुकिङ खुला हुने आशामा विगत वर्षहरूमा भारतीयका लागि बुकिङ तथा प्याकेज बनाइएको थियो । तर, कैलाश उनीहरूका लागि खुला भएन ।' यसले गर्दा सन् २०२५ को कैलाश मानसरोवर यात्रा गराउन भारतीयको बुकिङ खुला नगरिएको उनको भनाइ छ ।


## ऋणीलाई भाखा नाघेको कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८१/०९/०७ गते

यस माछापुच्छ्रे बैंक लि. राजविराज शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गर्नु भएको कर्जाको साँवा, व्याज तोकिएको म्यादमा चुक्ता नगर्नु भएको र यस अघि पनि मौखिक तथा लिखित रुपमा कर्जा चुक्ता गर्नको लागि पटक पटक अनुरोध गर्दा पनि कर्जाको साँवा व्याज, थप व्याज अन्य दस्तुर आदि चुक्ता भुक्तान नगरी शर्त कबुलियतको उल्लंघन गर्नु भएकोले तपसिलमा उल्लेखित ऋणीको नाउँमा बक्यौता ऋणकर्जा चुक्ता भुक्तान गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले पैंतिस (३५) दिनभित्र यस बैंकमा सम्पर्क राखी सम्पूर्ण कर्जाको साँवा, व्याज चुक्ता गर्नुहुन अनुरोध गरिन्छ । उल्लेखित समयावधिभित्र सम्पूर्ण कर्जाको साँवा, व्याज चुक्ता नगरेमा तपाई ऋणीले कर्जा लिंदा उपलब्ध गराएको धितो लिलाम गर्ने ऋणी, संचालक/प्रोप्राइटरको नाम कर्जा सूचनाकेन्द्रको कालोसूचीमा समावेश गर्ने तथा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गर्ने लगायत कर्जा असुल उपर गरी लिनको लागि अन्य कानुनी कारवाहीहरु समेत अवलम्बन गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराउदै यथाशिघ्र कर्जा भुक्तानी गर्न विशेष अनुरोध गरिन्छ ।

**तपसिल**

**ऋणीको नाम, ठेगाना**

**१.** प्रदेश सरकार, प्रदेश नं. २, नेपाल, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय सप्तरी, राजविराजमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता कायम भएको **सनराइज इन्टरप्राइजेज ।**
दर्ता नं. ७८००/२०७७/७८, दर्ता मिति : २०७७/०४/०५, पान नं. ६०६०२२९४७, दर्ता मिति : २०७३/१२/२२
ठेगाना : सप्तरी जिल्ला, विष्णुपुर गा.पा. वडा नं. ५, **प्रोप्राइटर/शेयरधनी/सञ्चालक : सुनिल कुमार झा**

**व्यक्तिगत जमानतकर्ताहरू**

| | |
|---|---|
| **१. सुनिल कुमार झा**<br>ना.प्र.नं. ४००२३९६१, जि.प्र.का. सप्तरी<br>जारी मिति : २०४५/०२/१०<br>बाबु : राम नारायण झा<br>बाजे : बच्चा झा<br>ठेगाना : सप्तरी जिल्ला, नर्घो गा.वि.स. वडा नं. २<br>हाल : सप्तरी जिल्ला, राजगढ गा.पा. वडा नं. ३, नर्घो | **२. विवेक कुमार झा**<br>ना.प्र.नं. १६१०७४/३०८, जि.प्र.का. सप्तरी<br>जारी मिति : २०६८/०१/०८<br>बाबु : सुनिल कुमार झा<br>बाजे : राम नारायण झा<br>ठेगाना : सप्तरी जिल्ला, नर्घो गा.वि.स. वडा नं. २<br>हाल : सप्तरी जिल्ला, राजगढ गा.पा. वडा नं. ३, नर्घो |

**३. सुलेखा देवी**
बाबु : पिताम्बर झा ब्राहमण, पति : सुनिल कुमार झा, ससुरा : राम नारायण झा
ना.प्र.नं.४२८०, जि.प्र.का. सप्तरी, जारी मिति : २०५८/०३/०५
ठेगाना : सप्तरी जिल्ला, नर्घो गा.वि.स. वडा नं. २, हाल : सप्तरी जिल्ला, राजगढ गा.पा. वडा नं. ३, नर्घो

**धितोमा रहेको सम्पतिको विवरण**
१. बच्चा झाको नाति, राम नारायण झाको छोरा, सप्तरी जिल्ला, नर्घो गा.वि.स. वडा नं. २ स्थायी ठेगाना हाल सप्तरी जिल्ला, राजगढ गा.पा. वडा नं. ३, नर्घो बस्ने सुनिल कुमार झाको नाममा मालपोत कार्यालय राजविराज सप्तरीमा दर्ता कायम भएको सप्तरी जिल्ला नर्घो गा.वि.स./न.पा. वडा नं. २ ख स्थित कि.नं. ६४३ को क्षेत्रफल ०-५-६ (विगाहा) बमोजिमको जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत ।
२. ऋणी सनराइज इन्टरप्राइजेजले बैंकलाई लेखिदिएको मौज्दात तथा चल सम्पत्तिको धितो सम्बन्धी सम्झौता (Hypothecation Agreement) बमोजिमको सम्पत्ति र हक हस्तान्तरण सम्बन्धी सम्झौता पत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु ।

**ऋणीको नाम, ठेगाना**

